**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

१. विगत केही वर्षयता मुलुकमा उत्पन्न राजनीतिक एवं आर्थिक सङ्कटका कारण सिर्जित अनिश्चय र अन्यौलको वातावरणलाई अन्त्य गर्ने अठोटका साथ हामी शान्ति, स्थिरता र प्रगतिको पथमा अग्रसर भइरहेका छौं । हाम्रा सामु अहिले राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा अनुभूत समस्या र सङ्कटलाई अवसर र शिक्षाका रुपमा ग्रहण गर्दै अगाडि बढ्नुपर्ने चुनौती उपस्थित छ । मुलुकमा देखा परेको राजनीतिक सङ्कटको स्थायी समाधान संवादद्वारा खोज्ने प्रयासको फलस्वरुप अघिल्लो सरकारको पालामा शुरु भएको र हाल कायम रहेको युद्धविराम र शान्तिवार्ता आम नेपालीका लागि ठूलो आशा र भरोसाको विषय बनेको छ । त्यसैगरी करीव दुई दशकको अन्तरालपछि आर्थिक वर्ष २०५८/५९ मा देशको कुल गार्हस्थ्य उत्पादनमा ०.५ प्रतिशतले ह्रास आएकोमा त्यसपछि सो अवस्थामा क्रमशः सुधार आई हाल वृद्धिको संकेत देखा परेको छ । समग्र स्थितिको सुधार र समाधानका संभावनाहरुप्रति जनविश्वास बढ्दै गएको छ । आशा, अपेक्षा र चुनौतीहरुको यसै परिदृश्यका बीच आर्थिक वर्ष २०६०/६१ को आय-व्ययको सार्वजनिक जानकारी प्रस्तुत गर्न म तपाईंहरु समक्ष उपस्थित भएको छु ।

२. मुलुकभित्रका सबै राजनीतिक शक्ति र पक्षहरुबीच राष्ट्रिय सहमति कायम गरी राजनीतिक तथा सामाजिक समस्याहरुको स्थायी समाधान गर्न श्री ५ को सरकार प्रतिबद्ध छ । यो सरकार विद्यमान युद्धविरामलाई स्थायी र दिगो शान्तिमा परिणत गर्न कटिबद्ध छ । साथै, सर्वपक्षीय सहभागिताको वातावरण सुनिश्चित गर्दै प्रतिनिधिसभा र स्थानीय निकायहरुको स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गरी बहुदलीय संसदीय प्रजातन्त्रलाई सुदृढ र संस्थागत गर्दै अग्रगामी परिवर्तनतर्फ लक्षित सुधारका कार्यक्रम अगाडि बढाउनुलाई सरकारले आफ्नो दायित्व र कर्तव्य ठानेको छ ।

३. द्रुततर आर्थिक विकासका लागि शान्ति, र शान्तिलाई दिगो बनाइराख्न न्यायपूर्ण र समतामूलक आर्थिक संरचना आवश्यक छ । सामाजिक अशान्तिले गर्दा विगतमा हजारौं नेपालीहरुले अनाहकमा ज्यान गुमाउनुपरेको तथा अर्बौं रकम बराबरको सार्वजनिक सम्पत्ति, विकासका पूर्वाधार र वैयक्तिक धनजनको क्षति भएको दुःखद तथ्य सर्वविदितै छ । साधारण खर्च बढ्दै गएको र राजस्व वृद्धि दर न्यून रहेकोले विकास खर्चमा कटौती गर्नुपर्ने बाध्यात्मक स्थिति सरकारसामु रहेको छ । फलस्वरुप, आर्थिक वृद्धिमा ह्रास आई गरिबी र सामाजिक असमानता अझ फराकिलो हुँदै गएको छ । यस अवस्थामा, संवाद र सहमतिका माध्यमद्वारा शान्ति कायम गर्ने प्रयासलाई मूर्त रुप दिन सर्वात्मना प्रतिबद्ध रहंदै दरिद्रता, विपन्नता, दुर्बल शासन प्रणाली, सामाजिक वञ्चितीकरण तथा विभेदका साथै विकासको प्रतिफल उपभोग गर्नबाट विमुख भएका जनताका समस्याहरुको भरपर्दो र दिगो समाधान खोज्नुपर्ने वेला भइसकेको छ ।

४. यिनै आन्तरिक समस्याहरुले गर्दा हालैका वर्षमा अर्थतन्त्रका प्रायः सबै क्षेत्रहरु - उद्योग, व्यापार, निर्माण, पर्यटन, निर्यात, सेवा तथा कृषि नराम्ररी प्रभावित भएका छन् । सामाजिक शान्ति कायम गरी गरिबी घटाउनका लागि यी क्षेत्रहरुको पुनरुत्थान गर्नु अपरिहार्य भैसकेको छ । यसका साथै, सामाजिक असमानता र विकासको प्रतिफलबाट

वञ्चित जनताका समस्या समाधानार्थ असल शासनको प्रत्याभूति पनि उत्तिकै आवश्यक छ । यी सबै कुराहरु एकैचोटि तत्कालै गर्नुपर्ने बेला आइसकेको छ । नेपालको इतिहासमा थोरै समयमा यति धेरै काम गर्नुपर्ने अवस्था यसअघि कहिल्यै विद्यमान थिएन । तर यो काम कठिन भएपनि असम्भव भने छैन ।

## आर्थिक वर्ष २०५९/६० को संक्षिप्त समीक्षा

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

५. मुलुकको अर्थतन्त्रका आर्थिक-सामाजिक परिसूचकहरु तथा प्रवृत्ति, विशेषता र चुनौतीहरुलाई समावेश गरी तयार गरिएको आर्थिक सर्वेक्षण, २०५९/६० र मन्त्रालयगत बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन सार्वजनिक भइसकेको छ ।

६. आर्थिक वर्ष २०५९/६० मा आर्थिक वृद्धि दर २.४ प्रतिशत रहने अनुमान छ । निर्यातमा केही सुधारको संकेत देखिएको छ भने निर्यातको तुलनामा आयात उच्च दरले बढ्न गएका कारण समग्र निर्यात-आयात अनुपातमा कमी आई ३८.५ प्रतिशत रहने अनुमान छ । विदेशी मुद्राको संचितिमा उल्लेख्य वृद्धि भई आर्थिक वर्ष २०५९/६० को १० महिनाको आयातलाई आधार मानेर हेर्दा ११ महिना भन्दा बढीको वस्तुको आयात र ९ महिना भन्दा बढीको वस्तु तथा सेवाको आयात धान्न पुग्ने देखिन्छ । उपभोक्ता मूल्य सूची ५ प्रतिशतले र निजी क्षेत्रको लगानी ९.८ प्रतिशतले बढ्ने अनुमान छ । समग्रमा, प्रतिकूल अवस्थाका बाबजुद अर्थतन्त्रमा सुधारका संकेत देखिएका छन् ।

७. आर्थिक वर्ष २०५८/५९ को साधारण खर्च रु ४८ अर्व ५९ करोड र विकास खर्च रु ३१ अर्व ४८ करोड गरी कुल खर्च रु. ८० अर्व ७ करोड भएकोमा आर्थिक वर्ष २०५९/६० मा साधारण खर्च रु ५६ अर्व ५६ करोड र विकास खर्च रु २८ अर्व १ करोड गरी कुल रु ८४ अर्व ५६ करोड खर्च हुने संशोधित अनुमान छ । राजस्वतर्फ आर्थिक वर्ष २०५८/५९ मा रु ५० अर्व ४५ करोड असूली भएकोमा आर्थिक वर्ष २०५९/६० मा रु ५५ अर्व २५ करोड असूली हुने संशोधित अनुमान छ ।

८. आर्थिक वर्ष २०५९/६० मा अत्यन्त मितव्ययितापूर्वक साधारण खर्च व्यवस्थापन गरी बक्यौता धारा-बिजुली, टेलिफोन महसूल, निवृत्तिभरण र बजेटमा व्यवस्था भएको भन्दा बढी आन्तरिक ऋणको साँवा भुक्तानी जस्ता सञ्चित दायित्व कम गर्ने कामहरु भएका छन् ।

९. आर्थिक वर्ष २०५९/६० को मध्यभागतिर संवादको लागि राजनीतिक वातावरण सिर्जना भएकोले शान्ति सुरक्षाको स्थितिमा सुधारका संकेतहरु देखा परेका छन् । परिणामस्वरुप, निजी तथा सरकारी दुबै क्षेत्रका आर्थिक क्रियाकलापमा सुधारका साथै राजस्व सङ्कलन, विकास खर्च, निजी क्षेत्रको पूँजी निर्माण र कुल गार्हस्थ्य उत्पादनमा समेत वृद्धि भएको स्पष्ट देखिन्छ ।

१०. विकेन्द्रीकरणको प्रभावकारिता बढाई सार्वजनिक चासोका विषयमा सार्वजनिक लेखा परीक्षण गर्ने प्रक्रियाको विस्तारका साथै सरकारी निर्णयलाई पारदर्शी बनाउने र भ्रष्टाचार नियन्त्रण गर्नेतर्फ जनता स्वयंले महसूस गर्न सक्ने कार्यहरु भएका छन् । वित्तीय क्षेत्रमा अनुशासन कायम गर्ने तथा सुधार गर्नेतर्फ पनि काम नभएका होइनन्, तर आन्तरिक कलह, हिंसा र जिम्मेवार राजनीतिक दलहरुवीच शान्ति र विकास जस्ता आधारभूत कुराहरुमा ऐक्यबद्धता कायम हुन नसकेका कारण गरिबी निवारण तथा रोजगारी प्रवर्द्धन गर्ने, लगानीको वातावरणमा सुधार ल्याउने, विदेशी लगानी तथा निर्यात प्रवर्द्धन र पर्यटन क्षेत्रको पुनरुत्थान गर्ने जस्ता कार्यक्रमहरुको कार्यान्वयनको स्थिति भने सन्तोषजनक हुन सकेन ।

११. सार्वजनिक खर्चको उत्पादकत्व र प्रभावकारिता वृद्धि गर्न मध्यमकालीन खर्च संरचनाको अवलम्वन गरी पहिलो प्राथमिकताका आयोजनाहरुलाई स्रोतको प्रत्याभूति दिने कामको थालनी भयो । त्यस्तै, गरिबी निवारणको दस्तावेजको रुपमा रहेको दशौं योजनाका कार्यक्रमहरुलाई लक्ष-उन्मुख गराउने प्रयास भएको छ ।

## विद्यमान चुनौतीहरु

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

१२. गरिबी अझै पनि देशको प्रमुख समस्याका रुपमा रहिरहेकै छ । आजभन्दा २७ वर्षअघि अर्थात् २०३३/३४ मा गरिएको घर-परिवारको जीवनस्तर सर्वेक्षणबाट देशका ३३ प्रतिशत जनताले गरिबीको रेखामुनि जीवनयापन गरिरहेको पाइएको थियो । तर नवौं योजनाको अन्त्यतिर आइपुग्दा सो प्रतिशत घट्नुको सट्टा झन् बढ्न गई ३८ प्रतिशत पुगेको अनुमान छ । यसबाट गरिबी निवारणतर्फका हाम्रा प्रयासहरु या त त्रुटिपूर्ण थिए, या अपर्याप्त थिए भन्ने महसूस गर्नैपर्ने हुन्छ । नेपालमा विद्यमान गरिबीका तीनवटा आयामहरु-आयको गरिबी, मानव गरिबी र सामाजिक वञ्चितीकरण-मध्ये मूलतः सामाजिक वञ्चितीकरणले गर्दा केही वर्ष यता सामाजिक अशान्ति र वैमनस्य बढ्दै गएको छ । यस सन्दर्भमा, एकातिर हाम्रा समस्त कार्यक्रम र क्रियाकलापहरु जनताको आम्दानी बढाउने र जीवनस्तरमा सुधार ल्याउनेतर्फ केन्द्रित हुनुपर्ने स्थिति छ भने अर्कातिर हामीले एउटा यस्तो सहिष्णु र सर्वभागी समाजको निर्माणमा आफुलाई समर्पित गर्नुछ, जहाँ प्रत्येक व्यक्तिले आफुलाई अरुलाई जस्तै समान व्यवहार गरेको अनुभव गरोस् र कुनै पनि प्रकारको भेदभाव विना आर्थिक तथा सामाजिक उत्थानका सम्पूर्ण अवसरहरुको समान रुपमा लाभ उठाउन पाओस् ।

१३. देशका धेरैजसो दुर्गम पहाडी भू-भागमा मानवोचित जीवनयापनका लागि आवश्यक पर्ने आधारभूत संरचना र पूर्वाधार पुऱ्याउन नसकिएको अवस्थामा विभिन्न क्षेत्रमा जेनतेन निर्मित पूर्वाधारहरु पनि ध्वस्त भएका छन् । तिनको पुनर्स्थापना र पुनर्निर्माणका लागि प्रशस्त रकम विनियोजन गर्नुपर्ने भएकोले पूर्वाधारहरुको खाँचो परेका ठाउँमा नयाँ निर्माण गर्नका लागि बजेट विनियोजन गर्न कठिनाइ पर्न गएको छ ।

१४. केही वर्षयता सार्वजनिक क्षेत्रको व्यवस्थापन पनि अत्यन्त कमजोर हुँदै गइरहेको छ । शासकीय दुर्बलताका लक्षणहरु सर्वत्र देखिएका छन् जसका कारण सरकारी दायित्व पनि बढ्दै गएको छ । घाटामा चलिरहेका वा राम्रोसंग चल्न नसकेका सरकारी संस्थानहरुबाट सरकारमाथि पर्नजाने दायित्व र भारबाट मुक्ति पाउनकै लागि पनि रु. १ खर्ब भन्दा बढी रकम आवश्यक पर्ने देखिएको छ । विद्यालय शिक्षामा वर्षेनी रु. १२ अर्बभन्दा बढी रकम खर्च गरिए तापनि भरखरै प्रकाशित प्रवेशिका परीक्षाको नतिजाले यस क्षेत्रको कमजोर तथा अप्रभावकारी व्यवस्थापनका कारण लगानीको उपयोग हुन नसकेको स्पष्ट देखिन्छ । जनतालाई प्रत्यक्ष प्रभाव पार्ने सरकारका निर्णयहरु, खास गरी आर्थिक कारोवार सँग सम्बन्धित निर्णयहरु, अपेक्षित रुपमा पारदर्शी हुन नसक्दा भ्रष्टाचार तथा सार्वजनिक स्रोतको दुरुपयोगमा कमी आउन सकेको छैन ।

१५. राजस्वको ठूलो हिस्सा साधारण खर्चमा उपयोग गर्नुपर्ने भई विकास खर्चका लागि आन्तरिक ऋण तथा वैदेशिक सहायतामाथि निर्भर रहनुपर्ने अवस्थाको सिर्जना भएको छ । विषम र असजिलो स्थितिमा पनि दातृ समुदाय सकारात्मक रहेकाले सहायता राशिको प्रतिबद्धतामा बढोत्तरी नै भएको छ । तर शासकीय सुधार गर्न नसकिएको कारणले सहायता राशिमा कमी आयो भने विकास खर्चको लागि उपलब्ध हुने स्रोतमा अझै न्यूनता आउन सक्छ ।

१६. बैकिङ्ग क्षेत्रसँग रहेको सम्पत्तिको गुणस्तर स्वस्थ अर्थतन्त्रका महत्वपूर्ण परिसूचकहरुमध्ये एक हो । तर सरकारी क्षेत्रका सबैजसो वाणिज्य बैङ्क तथा विकास बैङ्कहरुसँग ठूलो परिमाणमा अनुत्पादक तथा निष्क्रिय पूँजी रहेको छ । लगानी भएको कर्जा असूल हुन नसकी खराब कर्जाको रकम बढ्दै गएको छ । एकातिर संस्थागत रुपमा संकलित जनताको बचतको दुरुपयोग गर्ने प्रवृत्ति बढेको छ भने अर्कोतिर इमान्दारीपूर्वक उद्योग व्यवसायमा लाग्न चाहनेहरुका लागि पनि लगानीको वातावरण सरल र उत्साहजनक बन्न सकेको छैन । यो समस्याको समाधान गर्न आर्थिक अनुशासन, पारदर्शिता र सुपरिवेक्षणमा ध्यान दिनुका साथै नाफामूलक व्यावसायिक वातावरणको सिर्जना गर्नु अपरिहार्य हुन्छ ।

## बजेटका उद्देश्य तथा रणनीतिहरु

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

१७. जनता र सरकारबीच नयाँ साझेदारी र हातेमालोको वातावरण सिर्जना गरी नेपाली समाजको राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरण तथा अग्रगमनको प्रयासलाई बल पुऱ्याउनु यो बजेटको मूल रणनीतिक लक्ष्य हो ।

१८. उक्त रणनीतिक लक्ष्य प्राप्तिका लागि केही समययता अवलम्वन गरिँदै आएका गरिबी निवारण र आर्थिक सुधारका नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिँदै निम्न १० कार्यनीतिक लक्ष्यहरु अवलम्वन गरिनेछ :

(क) दशौं योजनामा प्रस्तावित उत्पादन वृद्धिको लक्ष्य, वित्तीय सन्तुलन र नीतिगत संरचनाभित्र रही गरिवी निवारण, क्षेत्रीय सन्तुलन, रोजगारी वृद्धि र सामाजिक न्यायको कार्यक्रममाथि विशेष जोड दिने,

(ख) विकास आयोजनाहरुको छनौट, कार्यान्वयन र सञ्चालनमा सरकार, जनसहभागितामूलक संस्थाहरु तथा संगठित निजी क्षेत्रका इकाइहरुबीच संयुक्त सहभागिता र साझेदारीको नीति अपनाउने,

(ग) राष्ट्रको मौजुदा र प्रस्तावित आर्थिक इकाइ तथा आधारशिलाहरुको स्वामित्वमा बढीभन्दा बढी आम नागरिकको सहभागिता वृद्धि गरी निजी क्षेत्रको बचत र कार्यकुशलतालाई प्रोत्साहित गर्दै राष्ट्रिय उत्पादन वृद्धिमा जोड दिने र यस क्रममा सरकारी स्वामित्वका व्यापारिक तथा औद्योगिक संस्थाहरुको स्वामित्व हस्तान्तरणका लागि धितोपत्र बजार संयन्त्रको अधिकतम उपयोग गर्ने,

(घ) सरकारी संस्थानहरुको कार्यक्षमता र कुशलतामा वृद्धि गर्ने उद्देश्यले उपलब्धिका निश्चित आधार र मापदण्ड तयार गरी तिनका आधारमा उच्च व्यवस्थापनलाई निरन्तरता दिने वा खारेज गर्ने,

(ङ) कडा वित्तीय अनुशासन लागू गर्ने गराउने, भ्रष्टाचार विरुद्धको कारवाहीलाई तीव्र र सघन बनाउने र सरकारका आर्थिक कारोवार सम्बन्धी निर्णयहरुमा पारदर्शिताको सिद्धान्त व्यवहारमा लागू गर्ने,

(च) अर्थतन्त्रमा भविष्यमा आउन सक्ने एकाधिकारको प्रवृत्तिलाई निरुत्साहित र नियन्त्रण गरी अर्थतन्त्रमा प्रतिस्पर्धा, कार्यकुशलता र उत्कृष्टतालाई प्रोत्साहन दिने,

(छ) परम्परागत कुरीति तथा सामाजिक वञ्चितीकरणका कारण गरिबीको जालोमा जेलिंदै आएका महिला, दलित, उत्पीडित, अपहेलित र पिछडिएका वर्गका जनताको आर्थिक तथा सामाजिक उत्थानका लागि उनीहरुलाई आर्थिक तथा सामाजिक विकासका विभिन्न कार्यक्रमहरुमा व्यापक र स्वस्फूर्त रुपमा सहभागी बनाउँदै आय र रोजगारीका अवसरहरु उपलब्ध गराउने ।

(ज) दिगो शान्ति सुनिश्चित गर्न जनता-सरकार सहकार्यलाई अगाडि बढाउने,

(झ) सरकारी संयन्त्रलाई आम जनताप्रति सम्मानभाव राख्ने, उत्तरदायी, छिटो र कानुन सम्मत एवं विवेकपूर्ण निर्णय गर्ने संस्था र प्रणालीका रुपमा जनसमक्ष पुऱ्याउने, र

(ञ) सरकारको प्रतिबद्धता र सोको कार्यान्वयनमा जनताको विश्वास पुनर्स्थापित गर्ने ।

## विकास नीति, कार्यक्रम तथा साधनको विनियोजन

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

१९. उल्लेखित कार्यनीतिहरु सफलताका साथ लागू गर्न शान्तिको पूर्ण पुनर्बहाली अत्यन्त जरुरी हुन आँउछ । यस वास्तविकतालाई हृदयङ्गम गर्दै वर्तमान सरकार संवैधानिक राजतन्त्र, नेपाली जनताको सर्वाङ्गिण हित, राष्ट्रिय स्वार्थ र प्रजातान्त्रिक अवधारणालाई सर्वोपरि राखेर असल नियतका साथ शान्ति प्रयासमा जुटेको छ ।

२०. आर्थिक वर्ष २०६०/६१ का लागि निर्धारित कार्यक्रमहरुले उल्लिखित १० वटा कार्यनीतिक लक्ष्यहरुको कार्यान्वयनमा सहयोग पुऱ्याउनेछन् । यी नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि साधारण खर्चतर्फ रु ६० अर्व ५५ करोड ५० लाख र विकास खर्चतर्फ रु. ४१ अर्व ८४ करोड ५० लाख गरी जम्मा रु. १०२ अर्व ४० करोडको कुल बजेट विनियोजन गरिएको छ । कुल विनियोजनमध्ये रु. २९ अर्ब २९ करोड २९ लाख ५४ हजार पूँजीगत खर्चका लागि र रु. ७३ अर्ब १० करोड ७० लाख ४० हजार सरकारको चालु खर्चका लागि विनियोजन गरिएको छ । पूँजीगत खर्चमा गरिएको विनियोजन आर्थिक वर्ष २०५९/६० को बजेटको तुलनामा ९.८ प्रतिशतले र संशोधित अनुमानको तुलनामा ३८ प्रतिशतले बढी छ ।

२१. चालु खर्चको २४ प्रतिशत अर्थात् रु. १७ अर्व ५५ करोड सरकारले लिएको आन्तरिक तथा बाह्य ऋणको साँवा ब्याज भुक्तानीका लागि छुट्याइएको छ । त्यसैगरी, चालु खर्चको ५२.७ प्रतिशत अर्थात् करीब रु. ३८ अर्ब ५० करोड निजामती, शाही नेपाली सेना र प्रहरीतर्फका कर्मचारीहरु तथा शिक्षकको तलब लगायतका सुविधा र निवृत्तिभरण भुक्तानीमा खर्च हुने अनुमान छ । चालु खर्चतर्फ विनियोजित रकमको यति ठूलो परिमाणलाई एकैपटक र तुरुन्तै घटाउन सकिने अवस्था छैन । यसका लागि दीर्घकालीन कटिबद्धता र निरन्तरको प्रयास आवश्यक छ । यसै वस्तुतथ्यलाई मनन गरी, साधारण खर्च सकभर बढ्न नदिई सीमित साधन-स्रोतलाई बजेटको रणनीतिक लक्ष्य प्राप्तितर्फ केन्द्रित गर्न आयोजना प्राथमिकीकरणका आधारमा विकास खर्च विनियोजन गरिएको छ ।

२२. आर्थिक वर्ष २०६०/६१ को विकास बजेट उल्लिखित रणनीतिक र कार्यनीतिक लक्ष्यका अधीनमा रही दशौं योजनाका विकास लक्ष्यहरुको कार्यान्वयनमा टेवा पुऱ्याउने दृष्टिकोणका साथ देहाय बमोजिम विनियोजन गरिएको छ । साथै, सुधार कार्यक्रमसंग सम्बन्धित कार्ययोजनाको कार्यान्वयन, आर्थिक सुधार र पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि रकम विनियोजन गरिएको छ :

- उच्च, दिगो तथा फराकिलो आर्थिक वृद्धिको लक्ष्य कार्यान्वयनतर्फ रु. १७ अर्ब ४७ करोड, जसमध्ये आर्थिक सुधार कार्यक्रमको लागि रु २ अर्व ३४ करोड,
- सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकासतर्फ रु. १६ अर्ब ३० करोड, जसमध्ये पुनर्निर्माण तथा पुनर्स्थापनातर्फ रु ८० करोड,
- सामाजिक सर्वभागिताको उद्देश्यप्राप्तिका लागि लक्ष्यित कार्यक्रमहरुको कार्यान्वयनतर्फ रु. २ अर्ब ९८ करोड, र
- सुशासनका कार्यक्रमहरुको कार्यान्वयनतर्फ रु. ५ अर्ब ९ करोड ।

२३. उपलब्ध वित्तीय स्रोतको उच्चतम उपयोग गर्ने उद्देश्यले मध्यमकालीन खर्च संरचना बमोजिम विकास कार्यक्रम र आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गरी पहिलो प्राथमिकतामा परेका कार्यक्रम तथा आयोजनाहरुलाई पर्याप्त बजेट विनियोजन गरिने र कार्यसम्पादन प्रगतिको आधारमा निर्बाध रुपमा स्रोत उपलब्ध हुने व्यवस्था मिलाइएको

छ । कुल विकास बजेटको ७२.५ प्रतिशत रकम प्रथम प्राथमिकताका कार्यक्रम तथा आयोजनाहरुका लागि विनियोजन गरिएको छ ।

२४. पर्याप्त आर्थिक पूर्वाधार नभएका र सामाजिक विकासको अवसरबाट वञ्चित सुदूर पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा विनियोजन हुने विकास बजेटमा आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा ३४.३ प्रतिशतले वृद्धि गरी करीव रु ६ अर्व ४६ करोड विनियोजन गरिएको छ । सडक यातायातको लागि मात्रै यी दुई विकास क्षेत्रहरुमा आर्थिक वर्ष २०५९/६० को तुलनामा आर्थिक वर्ष २०६०/६१ मा २१४.९ प्रतिशतले वृद्धि गरिएको छ । यसबाट उक्त विकास क्षेत्रहरुमा सडक यातायात उपलब्ध हुनुका साथै ग्रामीण स्तरमा रोजगारी वृद्धिको लागि उल्लेखनीय सहयोग पुग्नेछ ।

२५. अब म आर्थिक वर्ष २०६०/६१ को लागि विकास नीति तथा कार्यक्रमहरुको विवरण प्रस्तुत गर्दछु ।

## (क) उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि

### कृषि, सिंचाइ र वन

२६. दीर्घकालीन कृषि योजनाले सरकारको कृषि विकास कार्यक्रमलाई निर्देशित गर्ने तथ्यलाई स्मरण गर्दै गरिबी निवारणको समष्टिगत लक्ष्यलाई केन्द्रित गरी भौगोलिक संभाव्यताको आधारमा खास-खास ठाउँमा उत्पादन हुने विशेष प्रकारका कृषि उपजहरुलाई क्रमशः बजारोन्मुख र व्यावसायिकीकरण गर्नेतर्फ जोड दिइनेछ ।

२७. व्यावसायिक रुपमा उन्नत प्रविधियुक्त खाद्यान्न एवं नगदे बालीको उत्पादन तथा फलफुल खेती र पशुपालन गर्नका लागि जग्गा एकीकरण गरी धेरै कृषकहरु समाहित हुनु आवश्यक हुन्छ । कृषिलाई यसरी व्यावसायिकीकरण गर्न सहकारी खेतीको अवधारणा अनुरुप २५ जना भन्दा बढी कृषकहरु संगठित भई सहकारीको रुपमा दर्ता भएमा सरकारले स्थलगत र पूर्णकालीन प्राविधिक सेवा, व्यवस्थित सिंचाइ, कृषि सडक तथा बजार सेवा र ब्याज अनुदान उपलब्ध गराउनेछ । यस सम्बन्धी विस्तृत कार्यविधि २०६० आश्विन महिनाभित्र कृषि मन्त्रालयले तयार गर्नेछ ।

२८. सम्पत्ति माथिको कृषकको पहुँच बढाउने उद्देश्यले आर्थिक वर्ष २०६०/६१ मा सरकारी स्वामित्वका कम्तीमा तीनवटा कृषि फार्महरु, फार्मको उद्देश्य अनुरुपको उत्पादनकै कामको लागि, कम्तीमा दश वर्षको आवधिक करारमा दिइनेछ । यस्तो करार संझौता सहकारिताको आधारमा संगठित कृषक सहकारीहरुसंग गरिनेछ । यसको कार्यविधि कृषि मन्त्रालयले प्रथम चौमासिक अवधिभित्रै तयार गरी कार्यान्वयनमा ल्याउनेछ । सरकार र जनताबीच राष्ट्रिय सम्पत्तिको व्यवस्थापनमा साझेदारीको यो महत्वपूर्ण शुरुवात हुनेछ ।

२९. कृषि फार्महरुमा गरिएको सरकारी लगानीबाट अपेक्षित प्रतिफल हासिल गर्न नसकिएको सन्दर्भमा त्यस्ता फार्महरुमा रहेको सम्पत्तिको उत्पादकत्व वृद्धि गर्ने र फार्म वरिपरिका

कृषकहरुलाई उन्नत प्रविधि अनुकरण गर्न प्रेरित गर्ने उद्देश्यले आर्थिक वर्ष २०६०/६१ मा सर्लाही नवलपुरको वागवानी केन्द्र, मकवानपुरको मत्स्य विकास केन्द्र र पोखराको पशु फार्ममा दोहोरो मार्ग व्यवस्थापन प्रणाली शुरु गरिनेछ । यस प्रणाली अन्तर्गत श्री ५ को सरकारका कृषि फार्महरुले नियमित सरकारी कार्यक्रमका अतिरिक्त व्यावसायिक कार्यक्रम पनि सञ्चालन गरी आयआर्जन गर्ने र अतिरिक्त खूद आम्दानीको १५ प्रतिशत श्री ५ को सरकारलाई बुझाई बाँकी रकम फार्मको सम्भार र कर्मचारीहरुलाई प्रोत्साहनस्वरुप खर्च गर्नका लागि उपयोग गर्न सक्नेछन् । यस प्रणालीबाट फार्महरुको उपयोगिता र उत्पादकत्व बढ्ने र श्री ५ को सरकारको आर्थिक दायित्व कम हुँदै जानेछ । कृषि मन्त्रालयले यस सम्बन्धी विस्तृत कार्यविधि २०६० भाद्र महिनाभित्र तयार गरी कार्यान्वयनमा ल्याउनेछ ।

३०. कृषि विभाग र सिंचाइ विभागको संयुक्त अग्रसरतामा अधिराज्यका २० जिल्लाहरुमा स्थलगत जल व्यवस्थापन प्रणाली लागू गरिनेछ । जल उपभोक्ता समूहहरुलाई आर्थिक रुपमा सुदृढ गरी आत्मनिर्भर तुल्याउन सिंचाइ नियमावली, २०५७ मा संशोधन गरी ती समूहहरुलाई जल उपभोक्ताहरुबाट महसूल उठाउने अधिकार कानुनी रुपमै प्रदान गरिनेछ ।

३१. खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नका लागि मध्य-पश्चिमाञ्चल तथा सुदूर-पश्चिमाञ्चलका कृषकहरुलाई एकीकृत विषादी व्यवस्थापनमा सघाउनका लागि स्थानीय स्तरमा ५० वटा कृषक फिल्ड स्कूल सञ्चालन गर्ने लक्ष्य लिइएको छ । अधिराज्यका ६ जिल्लाहरुमा कृषकहरुका निम्ति कृषि विकास कोषको व्यवस्था गरिनेछ । यीमध्ये ४ वटा कोषहरु मध्य-पश्चिमाञ्चल तथा सुदूर-पश्चिमाञ्चलका जिल्लाहरुमा स्थापना गरिनेछन् ।

३२. आर्थिक वर्ष २०५९/६० देखि जिल्लास्तरीय कृषि प्रसार सेवाका कार्यहरु जिल्ला विकास समिति मार्फत सम्पन्न गरिन थालेका छन् । पहिलो वर्षको अनुभव उत्साहबर्द्धक छ र यसलाई अरु सबल बनाइनेछ ।

३३. खाद्यान्न तथा पोषण सुरक्षा कार्यक्रम अन्तर्गत करीब ३ हजार साना सिंचाइ आयोजनाहरुको कार्यान्वयन गरिनेछ । तेस्रो पशुविकास आयोजना अन्तर्गत मध्य तथा सुदूर पश्चिमाञ्चलका १९ जिल्लामा बाख्रापालन सम्बन्धी विशेष कार्यक्रम संचालन गरिने छ । यस आयोजनाबाट ५ सय मुक्त कमैयाहरु तथा १ हजार ७ सय दलित परिवारहरु लाभान्वित हुनेछन् ।

३४. उत्पादकत्व अभिवृद्धि तथा बाली विविधीकरणका लागि दिगो आधार तयार गर्ने दृष्टिकोणबाट कृषि उत्पादनका विभिन्न आनुवंशिकी स्रोतको संरक्षण, प्राविधिक परीक्षण र विकासमाथि जोड दिइनेछ ।

३५. चिया क्षेत्रको रुपमा विकास भइसकेका झापा, इलाम, पाँचथर, धनकुटा र तेह्रथुम जिल्लाका अतिरिक्त मध्यमाञ्चल क्षेत्रका सिन्धुपाल्चोक र नुवाकोटमा पनि यसको व्यावसायिक विकास शुरु भएको छ । आर्थिक वर्ष २०६०/६१ मा सिन्धुपाल्चोकको

भोटेचौर र नुवाकोट जिल्लाको ककनी, देउराली र तामेमा चिया खेती विकासका लागि आवश्यक सहयोग जुटाइनेछ । चिया उद्योगको विकास र सम्वर्द्धनका लागि नयाँ चिया खेती गर्न उपलब्ध गराइने कर्जाको ब्याजदरमा ६० प्रतिशतसम्म र पुराना चिया खेतीको लागि उपलब्ध गराइने ऋणको प्रचलित ब्याजदरमा ३ प्रतिशत विन्दुले अनुदान दिइनेछ ।

३६. पशुधनको नोक्सानीबाट कृषकहरुलाई जोगाउन रसुवा, जाजरकोट, हुम्ला, डोल्पा, मुगु र कालिकोट सहित ३० जिल्लाहरुमा कृषि विकास बैङ्क र कर्जा सुरक्षण निगम मार्फत पशुधन बीमा गराइनेछ । यसरी पशुधन वीमा गर्दा लाग्ने प्रिमियम शुल्कको ५० प्रतिशत रकम अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

३७. नेपालमा गलैंचा व्यवसाय शुरु भएको दुइ दशकभन्दा बढी भइसकेको छ । तर गलैंचा लाई चाहिने ऊनको उत्पादन देशमै शुरु गरी व्यवसायको फाइदा ग्रामीण क्षेत्रमा पुऱ्याउने प्रयास अझै भएको छैन । यसर्थ स्वदेशमै ऊनको उत्पादन गर्ने प्रयोजनका लागि ऊन तथा गलैंचा व्यवसायीको सक्रियतामा नयाँ कम्पनी खडा गर्न श्री ५ को सरकारले सघाउ पुऱ्याउनेछ । यस कम्पनीको माध्यमबाट निजी क्षेत्रको नेतृत्व र सरकारी समर्थनमा गलैंचा उद्योगको लागि कच्चा पदार्थ सीमित मात्रामै भएपनि नेपालमा उपलब्ध गराउन भेडापालन व्यवसाय शुरु गरिनेछ । यसवारे सरकार-जनता संयुक्त सहभागिताको अवधारणा अनुरुप निजी क्षेत्रको औपचारिक प्रस्ताव प्राप्त भइसकेको अवगत गराउन चाहन्छु । सरकार र निजी उद्यमीहरुबीचको सहयोग र समझदारीको यो प्रयासले निर्यात उद्योगको फाइदा किसानहरुमा पुऱ्याउनेतर्फ महत्वपूर्ण शुरुवात हुने विश्वास लिएको छु ।

३८. नेपालमा विस्तार हुँदै गएको पुष्प व्यवसाय र यसको उत्पादन भविष्यमा महत्वपूर्ण निर्यातयोग्य वस्तु बन्न सक्ने भएकोले यो व्यवसायलाई प्रोत्साहन गर्ने दृष्टिकोणबाट संस्थागत र व्यावसायिक रुपमा यस उद्योगमा लाग्ने उद्यमीहरुलाई ऋणको ब्याजमा ३ प्रतिशत विन्दुले अनुदान उपलब्ध गराइनेछ ।

३९. देशमा विगत केही वर्षयता दुग्ध व्यवसायको विस्तार हुँदै गएको छ । ग्रामीण क्षेत्रको रोजगारी र आय वृद्धिमा महत्वपूर्ण स्थान रहेको यस व्यवसायलाई प्रोत्साहन गर्नु जरुरी छ । यस दृष्टिकोण अनुरुप, अधिराज्यभर दुध चिस्याउनका लागि प्रयोग हुने विद्युत्को वर्तमान दरलाई ५० प्रतिशत कम गरिनेछ । दुग्धजन्य उत्पादनको वृद्धि गर्ने क्रममा काठमाडौं, सिन्धुपाल्चोक र नुवाकोटको सिमानामा पर्ने चिपा भञ्ज्याङ्गमा चीज कारखाना स्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. दुध उत्पादक कृषकको स्वामित्व र व्यवस्थापनमा दुग्ध प्रशोधन उद्योग रहनुपर्छ भन्ने मान्यता यो सरकारको रहेको छ । यस्तो व्यवस्थाबाट कृषकहरुलाई मूल्य अभिवृद्धि लाभ प्राप्त हुन सक्दछ । यस नीति अन्तर्गत श्री ५ को सरकारले आर्थिक वर्ष २०६०/६१ मा दुग्ध विकास संस्थानका प्रशोधन केन्द्रहरु दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई निश्चित आधारमा मूल्याङ्कन गरी हस्तान्तरण गर्ने कार्य प्रारम्भ गर्नेछ । त्यस्ता सहकारी संस्थाले दुधको रकम भुक्तानी गर्दा केही रकम कट्टी गरी शेयर पूँजी सङ्कलन गर्नेछन् र त्यसबाट

श्री ५ को सरकारलाई भुक्तानी गर्नुपर्ने रकम चुक्ता गर्नेछन् । यो कदमबाट आम कृषकलाई दुग्ध उद्योगको मालिक बनाउने नयाँ अभियान शुरु हुनेछ ।

४१. दीर्घकालीन कृषि योजनाले निर्दिष्ट गरे अनुसार ग्रामीण क्षेत्रको कृषि व्यवसायलाई बजारसम्म पुऱ्याउन र स्थानीय पूर्वाधार विकास गर्न स्थानीय विकास निर्माण एवं कृषि सडक आयोजनामा ३१ करोड ८७ लाख विनियोजन गरिएको छ ।

४२. हालसम्म नेपाल खाद्य संस्थानले तराई क्षेत्रबाट चामल खरीद गरी दुर्गम क्षेत्रमा बिक्री वितरण गर्ने गरेको छ । यसबाट पहाडी क्षेत्रमा खाद्यान्न उत्पादन बढाउने प्रेरणामा शिथिलता आएको छ । यो परिस्थितिमा सुधार गर्न नेपाल खाद्य संस्थानले तराईका जिल्लाबाट खाद्यान्न खरीद गरी त्यसमा ढुवानी जोडेर आउने मूल्यलाई नै दुर्गम क्षेत्रका जिल्लाहरुका लागि खाद्यान्न खरीद मूल्य कायम गरी सोही मूल्यमा स्थानीय कृषकहरुबाट खाद्यान्न खरीद गर्ने कार्यक्रम लागू गरिनेछ । यस किसिमको प्रोत्साहन मूल्यले स्थानीय स्तरमा खाद्यान्न उत्पादनमा वृद्धि हुने तथा त्यस क्षेत्रका जनताको क्रयशक्ति बढ्ने विश्वास लिएको छु ।

४३. हालसम्म वाणिज्य बैङ्कहरु मूलतः शहरी क्षेत्रमै सीमित रहेका छन् । यिनीहरुसँग रहेको साधन-स्रोत सीमित मात्रामा भएपनि ग्रामीण क्षेत्रमा पुऱ्याउन सबै वाणिज्य बैङ्कहरुको सहभागिता र स्वामित्वमा कृषि तथा ग्रामीण उत्थान बैङ्क स्थापना गरिनेछ । यसको व्यवस्थापन तथा सञ्चालनको दायित्व निजी क्षेत्रमा रहने छ । नेपाल राष्ट्र बैङ्क र श्री ५ को सरकारको समर्थनमा निजी क्षेत्रका बैङ्कहरुबाट शुरु गरिने यो कार्यक्रम सरकार र आम जनताबीच सकारात्मक समझदारीको नयाँ प्रयासको रुपमा रहने विश्वास लिइएको छ । साथै यसले ग्रामीण क्षेत्रमा पूँजी प्रवाह गर्ने नयाँ विकल्पका रुपमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरेपछि कृषि विकास बैङ्कको कुशलतामा पनि वृद्धि हुने अपेक्षा गरिएको छ ।

४४. कृषि क्षेत्रसँग सम्बन्धित नीति र कार्यक्रमहरुको कार्यान्वयनका लागि रु. २ अर्ब २० करोड छुट्टयाएको छु । यो रकम आर्थिक वर्ष २०५९।६० को संशोधित अनुमानभन्दा २०.६ प्रतिशतले बढी छ ।

४५. कृषि उत्पादकत्व बढाउनका लागि वर्षभरि नै सिंचाइ सुविधा उपलब्ध हुनु जरुरी छ । दशौं योजनाको अन्त्यसम्ममा पूर्ण रुपमा सिंचाइ सुविधा उपलब्ध जग्गाको क्षेत्रफल २ लाख ४१ हजार ६ सय हेक्टरले वृद्धि गर्ने लक्ष्यमा आधारित भई सिंचाई कार्यक्रमको कार्यान्वयन गरिनेछ । यसका साथै, बनिसकेका ठूला तथा मझौला स्तरका सिंचाइ आयोजनाहरुको मर्मत-सम्भार भइरहोस् र त्यस्ता आयोजनाहरुबाट २ लाख ८० हजार ७ सय हेक्टर जमीनमा वर्षभरि नै सिंचाइ सुविधा उपलब्ध भइरहोस् भन्नेतिर पनि सरकारले विशेष ध्यान पुऱ्याउनेछ ।

४६. झापा, सुनसरी, सिराहा र सप्तरी जिल्लामा २२ वटा डीप ट्यूबवेल जडान गर्न आवश्यक पर्ने रकम विनियोजन गरिएको छ ।

४७. आर्थिक वर्ष २०६०/६१ भित्र वागमती सिंचाइ आयोजना सम्पन्न गरिनेछ र सिक्टा सिंचाइ आयोजनाको कार्य प्रारम्भ गरिनेछ ।

४८. जल-उत्पन्न प्रकोप नियन्त्रण तथा नदी तटबन्ध निर्माणका लागि रु. ५८ करोड २८ लाख विनियोजन गरिएको छ ।

४९. सामुदायिक वन कार्यक्रमलाई वनको विकास, संरक्षण र उपयोगको रणनीतिका रुपमा अवलम्वन गरिनेछ । भूमिहीन कृषक तथा न्यून-आय वर्गका उपभोक्ता मार्फत कबुलियती वन तथा चरन क्षेत्र विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् । सामुदायिक वन कार्यक्रम अन्तर्गत वन उपभोक्ता समूहरुलाई वनमा आधारित व्यवसाय र उद्योग सञ्चालन गर्न संस्थागत रुपमा ऋण उपलब्ध गराउने कानुनी व्यवस्था गरिनेछ ।

५०. नेपालले आफ्नो कुल भू-भागको करीव १८ प्रतिशत क्षेत्र निकुञ्ज, संरक्षण क्षेत्र र आरक्षको रुपमा संरक्षण गरी विश्वको वातावरण सन्तुलनमा योगदान गर्दै आएको छ । यस्ता संरक्षित क्षेत्रहरुलाई वातावरण सन्तुलनका अतिरिक्त गरिबी निवारण र आर्थिक उपार्जनको माध्यमको रुपमा विकसित गर्न सन् २००३ लाई अन्तर्राष्ट्रिय पर्या-पर्यटन वर्षको रुपमा मनाइदै आएको छ । पर्यटन विकास र गरिबी निवारणका लागि आरक्षहरुको प्रभावकारी उपयोग गर्न आर्थिक वर्ष २०६०/६१ देखि वातावरण र जैविक विविधता संरक्षणमा कुनै कमी नल्याउने शर्तमा इच्छुक गैर-सरकारी वा अन्य संस्थालाई शाही चितवन राष्ट्रिय निकुञ्ज, शाही बर्दिया राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज र शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष बाहेक अन्य संरक्षण क्षेत्रहरुको व्यवस्थापन गर्न दिइनेछ । यसबाट ग्रामीण र दुर्गम क्षेत्रमा नयाँ रोजगारी र आय-आर्जनका संभावनाहरु सिर्जना हुनेछन् र श्री ५ को सरकारको राजस्वमा सकारात्मक प्रभाव पर्नेछ ।

## निजी क्षेत्र, उद्योग, व्यापार र निर्यात

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

५१. अर्थतन्त्रको विकासमा निजी क्षेत्रको भूमिकालाई सरकारले उच्च महत्व दिंदै आएको छ । उदार तथा झन्झटमुक्त वातावरणमा नै निजी क्षेत्र फष्टाउन सक्छ भन्ने मान्यता सरकारको रहेको छ ।

५२. दशौं योजनामा ७० प्रतिशतभन्दा बढी लगानी निजी क्षेत्रबाट गरिने कार्यक्रम रहेको छ । योजनाको सफलताको एक मुख्य अङ्ग निजी क्षेत्रको व्यापक सहभागिता हो । यस वास्तविकतालाई दृष्टिगत गरेर सरकार-जनता संयुक्त सहभागिता अवधारणा अन्तर्गत देशका विभिन्न पूर्वाधारहरुको निर्माणमा निर्माण-स्वामित्व-सञ्चालन-हस्तान्तरण प्रक्रियालाई प्रोत्साहन गरिनेछ । यस प्रक्रियालाई व्यवहारमा उतार्न निर्माण-स्वामित्व-सञ्चालन-हस्तान्तरण सम्बन्धी कानुन २०६० भाद्र महिनाभित्र जारी गरिनेछ । यो कानुन लागु भएपछि काठमाडौं-हेटौडा नयाँ राजमार्ग तथा अन्य द्रुत-गति राजमार्गहरु

लगायत पुल, भन्सार क्षेत्रमा गोदाम, सरकारी आवास, विद्युत् जस्ता आधारशिलाहरु निर्माण गर्ने कार्यलाई अगाडि बढाइनेछ । काठमाडौं-हेटौडा द्रुतगति राजमार्ग निर्माण-स्वामित्व-सञ्चालन-हस्तान्तरण प्रक्रिया अन्तर्गत निर्माण गर्ने कार्यक्रम देशको एक प्रमुख औद्योगिक संस्था - नेपाल उद्योग परिसंघ - ले औपचारिक रुपमा आफ्नो सहभागिता प्रस्तावित गरेको तथ्य पनि अवगत गराउन चाहन्छु । निर्माण-स्वामित्व-सञ्चालन-हस्तान्तरणको अवधारणा र प्रक्रियाले सरकार र जनता वीचको सहभागिताको नयाँ अध्याय शुरु गर्ने र निजी क्षेत्रको पूँजीलाई आधारशिला निर्माण, उत्पादन वृद्धि तथा रोजगार प्रवर्द्धनतर्फ अभिमुख गर्ने विश्वास लिएको छु ।

५३. नेपाल बाहिर बसी बौद्धिक र व्यावसायिक कुशलता आर्जन गरेका नेपालीहरुबाट नेपाल भित्र सहज र सरल रुपमा लगानी भित्राउने वातावरण सिर्जना गर्न सरकार प्रयत्नशील छ । यसका लागि आर्थिक वर्ष २०६०/६१ को प्रथम चौमासिकभित्र श्री ५ को सरकारको पहलमा गैर-आवासीय नेपालीहरुको सम्मेलन आयोजना गरिनेछ र सो सम्मेलनले दिएका सुझावहरु अनुरुप गैर-आवासीय नेपालीहरुको लगानी नेपालमा बढाउन आवश्यक कानुनी व्यवस्था गरिनेछ । यसैगरी, नेपालमा वैदेशिक लगानी प्रवर्द्धन गर्न आर्थिक कूटनीतिलाई बढावा दिइनेछ ।

५४. निजीकरणलाई आर्थिक कुशलताको सशक्त माध्यम बनाउने श्री ५ को सरकारको लामो समयदेखिको नीति रहेपनि व्यवहारमा थुप्रै विवाद निस्केका छन् । वास्तवमा, सरकारी संस्थानहरुमा समय-समयमा हुने राजनीतिक हस्तक्षेप र आर्थिक अनुशासनहीनताका कारण यी महत्वपूर्ण आर्थिक इकाइहरु राष्ट्रका सामु आर्थिक बोझको रुपमा देखा परेका छन् । यो स्थितिमा सुधार गर्न निजीकरण प्रक्रियामा निम्न उपायहरु अपनाइनेछ :

(क) आगामी चार महिनाभित्र वित्तीय पारदर्शिता सम्बन्धी कानुन जारी गरिनेछ ।

(ख) वित्तीय पारदर्शिताको कानुन लागू भएपछि निजीकरणको सम्पूर्ण प्रक्रिया कानुनतः पारदर्शी गरिनेछ र यसमा चासो राख्ने पक्षलाई निजीकरण सम्बन्धी सबै निर्णय उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

(ग) निजीकरणको प्रक्रियामा सकेसम्म नेपाल धितोपत्र बजारको प्रयोग गरिने छ ।

(घ) निजीकरण गर्दा नोक्सानमा गएका संस्थानहरु मात्र नभएर नाफामा रहेका संस्थानहरुलाई पनि समावेश गरिनेछ । यस क्रममा, नेपाल दूर सञ्चार संस्थानलाई कम्पनीमा परिणत गरी २०६० पौष महिनाभित्र यसको स्वामित्व जनतालाई बिक्री गर्ने प्रक्रिया शुरु गरिनेछ । यसबाट श्री ५ को सरकारको स्वामित्वमा रहेको आर्थिक सम्पत्तिमा जनताको स्वामित्व, सहभागिता र नियन्त्रण प्रभावकारी रुपमा स्थापित हुने वातावरण सिर्जना हुनेछ । धितोपत्र बजारको क्षमता तथा लचकता हेरी श्री ५ को सरकारले संस्थानहरुको ५० प्रतिशत भन्दा बढी स्वामित्व क्रमशः जनतालाई हस्तान्तरण गर्ने नीति लिनेछ । यही प्रक्रिया राष्ट्रिय वीमा संस्थानको शेयर बिक्रीमा पनि लागू गरिनेछ । आर्थिक वर्ष २०५९/६० मा निजीकरण,

विघटन वा खारेजी गर्ने कार्य प्रारम्भ गरिएका ९ वटा संस्थानहरुको कारवाही आर्थिक वर्ष २०६०/६१ मा सम्पन्न गरिनेछ ।

(ङ) निजीकरण गर्न व्यावहारिक नदेखिएका संस्थानहरुमा प्रतिस्पर्धाको नीतिलाई प्रोत्साहन गरिनेछ । यस नीति अन्तर्गत नेपाल आयल निगमको कार्यकुशलतामा सुधार गरिनेछ । हालसम्म पेट्रोलियम पदार्थको आयातमा नेपाल आयल निगमको एकाधिकार रहेको छ । पेट्रोलियम कारोवार नियमन गर्ने निकायको व्यवस्था र कारोवार गर्न चाहने कम्पनीको चुक्ता पूँजी र भण्डारण क्षमता सम्बन्धी मापदण्डहरु तर्जुमा गरी पेट्रोलियम पदार्थ आयात गर्न नेपाली लगानीकर्ता वा ५० प्रतिशतसम्म विदेशी सहभागिता रहेका र नेपालमा दर्ता भएका कम्पनीलाई अनुमति दिइनेछ । यो प्रावधानले पेट्रोलियम आयातमा प्रतिस्पर्धाको वातावरण सिर्जना गर्नेछ र नेपाल आयल निगमको कार्यकुशलतामा सकारात्मक प्रभाव पर्नेछ ।

(च) निजीकरण हुन नसकेका र नगरिने संस्थानहरुको हकमा भौतिक उत्पादन, जडित क्षमता उपयोग, सम्पत्तिको टर्नओभर, नाफा, लगानी प्रतिफल, कामदार उत्पादकत्व, कच्चा पदार्थ खपत तथा प्रत्युपलब्धि दर जस्ता सूचकाङ्कमा आधारित आर्थिक कुशलता र श्रम उत्पादकत्वका मापदण्ड तयार गरिनेछन् । उक्त मापदण्डका आधारमा सरकारी संस्थानका सञ्चालक समिति र महा-प्रबन्धकसंग संयुक्त रुपमा कार्यसम्पादन सम्बन्धी संझौता गरिनेछ । तोकिएको मापदण्डको ५० प्रतिशत भन्दा कम उपलब्धि देखिएमा संचालक समिति सहित महाप्रबन्धकहरु स्वतः हटाइने छन् । मापदण्डको ८० प्रतिशतभन्दा बढी उपलब्धि भएमा व्यवस्थापनलाई सम्मानको व्यवस्था गरिनेछ । यस प्रक्रियामा नियुक्त संस्थानका व्यवस्थापनलाई तोकिएको मापदण्ड पुरा गरुञ्जेल कम्तीमा दुई वर्षसम्म हटाइने छैन र पर्याप्त व्यवस्थापकीय स्वतन्त्रता दिइनेछ । यसका साथै, कडा वित्तीय अनुशासन कायम गराउन आर्थिक वर्ष सकिएको ६ महिनाभित्र पनि लेखापरीक्षण सम्पन्न गराउन नसक्ने संस्थानका महाप्रबन्धक वा कार्यकारी प्रमुख स्वतः बर्खास्त हुने व्यवस्था गरिनेछ । यसरी व्यवस्थापकीय र आर्थिक अनुशासन कायम गरेमा संस्थानहरुको कार्यक्षमतामा वृद्धि हुने र संस्थानहरुको नोक्सानी कम हुने विश्वास लिएको छु । यस सम्बन्धी नीतिको विस्तृत विवरण अनुसूची ११ मा उल्लेख गरिएको छ ।

५५. हाल घर-घरमा उत्पादन हुने हस्तकला उद्योगलाई संगठित रुप दिन ललितपुरको बुङ्मती क्षेत्रमा हस्तकला ग्रामको प्रवर्द्धन गरिनेछ । सरकार-निजी क्षेत्र साझेदारीको अवधारणा अन्तर्गत आवश्यक जमिन र बाटोको व्यवस्था सरकारले गर्ने र अन्य सबै लगानी हस्तकला संघले गर्नेछ । यस बारे हस्तकला संघको सहमति र प्रतिबद्धता श्री ५ को सरकारलाई प्राप्त भएको जानकारी गराउंदछु ।

५६. हस्तकलामा मूल्य अभिवृद्धि कर नलाग्ने प्रावधान छ । तर मूल्य अभिवृद्धि करमा दर्ता नभई कुनै माल आपूर्ति गर्नका लागि सरकारी बोलपत्रमा भाग लिन नपाइने व्यवस्था भएकाले यस उद्योगलाई सरकारी बोलपत्रमा भाग लिन अप्ठ्यारो परेको छ । यो

समस्या समाधान गर्न हस्तकला उद्योग मूल्य अभिवृद्धि करमा दर्ता नभए पनि उसले सरकारी बोलपत्रमा भाग लिन पाउने व्यवस्था गरिनेछ । त्यस्तै, हालसम्म नेपाली मूर्ति उत्पादकहरुलाई उत्पत्तिको प्रमाणपत्र दिने उपयुक्त व्यवस्था नभएकोले नेपाली मूर्तिहरुको निर्यातमा कठिनाई देखिएको छ । अतः हस्तकला संघले उत्पादनको यथार्थता प्रमाणित गरेपछि त्यसलाई मूर्ति निर्यातका निम्ति मान्यता दिइनेछ । यस व्यवस्थाबाट साना हस्तकला उद्यमीहरुलाई झंझट कम भई प्रोत्साहन हुने विश्वास लिएको छु ।

५७. हस्तकलाको प्रवर्द्धनका लागि त्यसको ढाँचा महत्वपूर्ण हुन्छ । नयाँ हस्तकला डिजाइन केन्द्र स्थापना गर्न कुल खर्चको ५० प्रतिशत हस्तकला संघले ब्यहोरेमा श्री ५ को सरकारले बाँकी ५० प्रतिशत ब्यहोरी निजी क्षेत्रसंग साझेदारी गर्नेछ ।

५८. कपडा उद्योगलाई सहयोग र प्रोत्साहन गर्न नेपालमा उत्पादन हुने धागो बाहेक अन्य प्रकारका कपडा उद्योगले प्रयोग गर्ने धागो भारतवाट झिकाउंदा विदेशी मुद्राको सहुलियत दिइनेछ । यसबाट कपडा उद्योगको उत्पादन लागत कम हुन गई प्रतिस्पर्धात्मक क्षमता बढ्ने र यस क्षेत्रमा रोजगारी वृद्धि हुने विश्वास लिएको छु ।

५९. हाल औद्योगिक क्षेत्रहरुमा रहेका उद्योगहरुले जग्गाको स्वामित्व पाएका छैनन् । यसबाट उद्योगहरुलाई सम्पत्ति धितो राख्न झन्झट छ भने श्री ५ को सरकारको उद्योग विस्तार गर्न चाहिने संभावित स्रोत यसै खेर गएको छ । यस वास्तविकतालाई दृष्टिगत गरी श्री ५ को सरकारले औद्योगिक क्षेत्रभित्र उद्योगहरुलाई पट्टामा उपलव्ध गराएको जग्गा अब बजारको चलनचल्ती मूल्यमा केही सहुलियत दिई सम्बन्धित उद्योगलाई नै बिक्री वितरण गर्नेछ । यसरी बिक्रीवाट आएको रकम विशेष आर्थिक क्षेत्रहरुको निर्माणमा लगानी गरिनेछ । औद्योगिक क्षेत्र, निर्यात प्रशोधन क्षेत्र, पर्यटकीय तथा मनोविनोद क्षेत्र र विशेष व्यापारिक क्षेत्रहरुको विकास र व्यवस्थापनका लागि लचिलो श्रम नीतिका प्रावधानहरु रहेको विशेष आर्थिक क्षेत्र सम्बन्धी कानुन आगामी ६ महिनाभित्र तर्जुमा गरिनेछ । विशेष आर्थिक क्षेत्रमा अत्यावश्यक भौतिक पूर्वाधारका अतिरिक्त सूचना प्रविधि, बैकिङ्ग सेवा, सुरक्षा र सरलीकृत कर तथा भंसार सेवा पुऱ्याउने व्यवस्था गरिनेछ । विशेष आर्थिक क्षेत्रहरु स्थापना गर्ने क्रममा आर्थिक वर्ष २०६०/६१ मा वीरगञ्ज वरपर, काभ्रेको पाँचखाल र नुवाकोटको रातमाटे-जिलिङ्ग-देवघाट क्षेत्रमा पूर्वाधार विकास शुरु गरिनेछ । निर्माणाधीन निर्यात प्रशोधन क्षेत्रको निर्माण शीघ्र सम्पन्न गर्न र नयाँ विशेष आर्थिक क्षेत्रहरुको पूर्वाधार निर्माण गर्नका लागि रु ४ करोड २५ लाख विनियोजन गरिएको छ । औद्योगिक व्यवसाय, निर्यात प्रवर्द्धन र औद्योगिक रोजगारीका लागि विशेष आर्थिक क्षेत्रको अवधारणा र योजना महत्वपूर्ण हुने विश्वास लिएको छु ।

६०. स्वस्थ र रचनात्मक प्रतिस्पर्धाबाट निजी क्षेत्रको विकास हुन सक्दछ र उपभोक्ताले पनि निजी क्षेत्रबाट समुचित मूल्यमा गुणस्तरयुक्त सेवा वा सामान प्राप्त गर्न सक्दछन् । सरकारले निरन्तर अनुगमन नगरे आर्थिक विकासको कममा एकाधिकार प्रवृत्ति बढेर जाने स्थिति देखा परेको छ । यो प्रवृत्तिमा रोक लगाउनु लगानीकर्ता, उपभोक्ता र आम

जनताको पक्षमा रहन्छ । अतः स्वस्थ प्रतिस्पर्धा सुनिश्चित गर्न र साँठगाँठबाट उत्पन्न हुने विकृति रोक्न प्रतिस्पर्धा सम्बन्धी कानुन २०६० पौष महिना भित्र तर्जुमा गरिनेछ ।

६१. यातायात क्षेत्रमा प्रतिस्पर्धात्मक वातावरण सुनिश्चित गर्न, एकाधिकार र संगठित मिलोमतोको प्रवृत्ति निरुत्साहित पार्न र नियन्त्रणमुखी व्यवस्थाका कारण देखिएका प्रशासनिक विकृतिलाई अन्त्य गर्न अबदेखि सबै राजमार्गहरुको लागि लिनुपर्ने यात्रामार्ग अनुमति खुला हुने गरी कानुनी सुधार गरिनेछ ।

६२. आर्थिक मन्दीको कारणले रुग्ण भएका उद्योगहरुलाई सहयोग गर्न नेपाल राष्ट्र बैङ्कबाट रु. १ अर्व ५० करोडसम्मको पुनर्कर्जा उपलब्ध गराउने प्रबन्ध मिलाइएको छ । बैङ्कहरुबाट यस कार्यक्रम अन्तर्गत लिन पाइने सुविधा तिर्नुपर्ने ब्याजको २५ प्रतिशत तिरेपछि मात्र संभव हुने वर्तमान व्यवस्थालाई खुकुलो गरिसकिएको छ । अबदेखि १२ प्रतिशत ब्याज तिरेपछि यो कार्यक्रम अन्तर्गत व्यवसायीले ऋण लिन वा कर्जा पुनर्संरचना गर्न पाउने व्यवस्था गरिएको छ ।

६३. निर्यातकर्ताहरुको निर्यात खर्चमा मितव्ययिता ल्याउन र प्रशासनिक झन्झट कम गर्न काठमाडौंस्थित भन्सार कार्यालयमा मालवस्तु जाँचपास गराई सिलबन्दी गरी सतहमार्गबाट निकासी गर्दा भंसार विन्दुमा पुनः मालवस्तु जाँचपास गर्न नपर्ने व्यवस्था मिलाएको छु ।

६४. निर्यात व्यापारलाई संस्थागत गर्दै लैजानु आजको प्रतिस्पर्धात्मक विश्व अर्थतन्त्रको परिवेश र विश्व व्यापार संगठनमा नेपालको प्रवेशको सन्दर्भमा समेत अत्यन्त जरुरी भएको छ । यस क्षेत्रमा निजी उद्यमी र व्यवसायीहरुलाई आकर्षण गर्न श्री ५ को सरकारले निर्यात व्यापार कम्पनीहरुको स्थापनालाई प्रोत्साहन गर्नेछ । यस्ता कम्पनीहरुले नेपाली उत्पादनकर्ताको उत्पादन निकासी गरेमा उत्पादक निकासीकर्ताले पाउने सबै सुविधा र सहुलियत पाउनेछन् । यस नीतिबाट संगठित रुपमा निर्यात गृहहरुको स्थापना हुन गई खास गरी साना उत्पादकहरुलाई आफ्ना उत्पादन निर्यात गर्न सुविधा पुग्ने विश्वास लिएको छु ।

६५. निर्यात प्रवर्द्धन गर्नका लागि निकासी सेवा शुल्कको वर्तमान व्यवस्था खारेज गर्नुका अतिरिक्त भंसार निकासी महसुलमा पनि केही कटौती गरिएकोछ । निकासीकर्ताहरुलाई उत्पादनमूलक उद्योग सरह कम दरमा आयकर लाग्ने व्यवस्था गरिएको छ ।

६६. निजी क्षेत्र तथा लगानीकर्ताको हित प्रवर्द्धन गरी लगानी र बचत बढाउन र पूँजी बजारलाई नयाँ गति दिन लाभांशमा दुईपटक कर नलाग्ने व्यवस्था गरिएको छ ।

६७. हाल निजी तथा साझेदारीमा सञ्चालित व्यापारी-व्यवसायीहरुले प्रत्येक वर्ष आ-आफ्नो फर्म नवीकरण गराउनुपर्ने व्यवस्था छ । यसको सट्टा नियमानुसार लाग्ने शुल्क एकैपटक लिई प्रत्येक ५ वर्षमा नवीकरण गरे पुग्ने गरी सम्बन्धित कानुनमा आवश्यक संशोधन गरिनेछ ।

६८. औद्योगिक कच्चा पदार्थ वा अर्ध-प्रशोधित सामग्री आयात गरी उक्त सामग्रीबाट उत्पादित मालवस्तुमध्ये ८० प्रतिशतभन्दा बढी भारत वा तेस्रो मुलुकमा निर्यात गर्ने उद्योगहरुलाई बण्डेड वेयर हाउसको सुविधा दिइनेछ । यसबाट औद्योगिक उत्पादनमा वृद्धि हुनाका साथै निकासी प्रवर्द्धन हुने विश्वास लिएको छु ।

६९. सूचना प्रविधिको विकासका लागि सूचना सम्प्रेषण सञ्जालमा आउन सक्ने विकृति र दुरुपयोग रोक्न साइबर कानुन तर्जुमा गरिनेछ । यसैगरी सफ्टवेयर निर्माण र निर्यातलाई सरकारले प्रोत्साहन गर्नेछ । बनेपामा बन्दैरहेको सूचना प्रविधि पार्कको अधिकांश काम आर्थिक वर्ष २०६०/६१ मा सम्पन्न गरिनेछ ।

७०. उद्योग क्षेत्रको विकासको लागि रु ५० करोड ३९ लाख विनियोजन गरिएको छ ।

## पर्यटन

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

७१. आर्थिक वर्ष २०६०/६१ को आरम्भसंगै क्षेत्रीय पर्यटनको प्रवर्द्धनमा जोड दिइनेछ । यस क्रममा, दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन, सार्क क्षेत्रका राष्ट्रहरु तथा छिमेकी मित्रराष्ट्र चीनबाट बढीभन्दा बढी पर्यटकहरु नेपाल भित्र्याउन नेपाल पर्यटन बोर्डमार्फत निजी क्षेत्रसंगको साझेदारीमा विभिन्न प्रवर्द्धनात्मक तथा प्रचार-प्रसार कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ । सार्क राष्ट्रहरु तथा छिमेकी मित्रराष्ट्र चीनका नागरिकहरुले नेपाल आउँदा प्रवेशाज्ञा दस्तुर तिर्न नपर्ने व्यवस्था मिलाइएको छ । क्षेत्रीय पर्यटनलाई प्रोत्साहन दिने यस्ता कार्यक्रमहरुले ती मुलुकहरुबाट नेपाल आउने पर्यटकहरुको वार्षिक संख्या वृद्धि भई २ लाख पुग्ने आशा लिएको छु ।

७२. नेपालको पर्यटन उद्योग अझै सङ्कटमा रहेको देखिएकाले यसलाई मद्दत पुऱ्याउनु आवश्यक भएको छ । यस उद्देश्य प्राप्तिका लागि अबदेखि १५ दिनसम्म नेपाल रहने पर्यटकलाई नेपाल छोडेको एक वर्ष भित्र फेरि नेपाल आएमा प्रवेशाज्ञा दस्तुर नलाग्ने व्यवस्था गरिएको छ । यसैगरी ३ दिन वा सो भन्दा कम अवधिको लागि नेपाल प्रवेश गर्न चाहने पर्यटकलाई पनि प्रवेशाज्ञा दस्तुर नलाग्ने नयाँ व्यवस्था गरिएको छ । यसबाट नेपाललाई क्षेत्रीय पर्यटन केन्द्रको रुपमा विकास गर्न र देशमा रोजगारी र अन्य आर्थिक क्रियाकलापहरुको विस्तार गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

७३. पदयात्रीहरुको खर्च कम गर्ने र पर्वतीय पर्यटनमा बढी पर्यटकलाई आकर्षण गर्ने समेत उद्देश्यले माथिल्लो मुस्ताङ्ग, हुम्ला र दार्चुलाको व्यास क्षेत्रमा वातावरण अधिकृत खटाइने व्यवस्था खारेज गरिएको छ ।

७४. अधिराज्यका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक दृष्टिले पवित्र तथा सुन्दर ठाउँहरु, जस्तै- हलेसी, स्वर्गद्वारी, मुक्तिनाथ, जनकपुरधाम, देवघाट, लुम्बिनी, रिडी, पाथीभरा र ककनीमा स्वदेशी तथा विदेशी पर्यटक एवं तीर्थयात्रीहरुलाई आकर्षित गर्न आवश्यक लगानी गरिनेछ ।

७५. पर्यटन उद्योगको विस्तार गर्न शाही नेपाल वायु सेवा निगमको महत्वपूर्ण भूमिका रहँदै आएको छ । तर विगत केही वर्षदेखि राजनीतिक हस्तक्षेप तथा आर्थिक अनुशासनहीनता लगायत विभिन्न कारणले यसको आर्थिक स्थिति र व्यापारिक क्षमतामा ह्रास आएको छ । भविष्यमा प्रतिस्पर्धा र कुशलताको मापदण्ड अनुसार अगाडि बढ्न र नेपालको पर्यटन विकासमा योगदान पुऱ्याउन निगमको पुनर्संरचना आवश्यक भएको छ । यस सन्दर्भमा, २०६० पौष महिनाभित्र निम्न पाइलाहरु चालिनेछन् :

(क) शाही नेपाल वायु सेवा निगमको सम्पत्तिको मूल्याङ्कन गराई त्यसबाट कुल दायित्व घटाएर खूद सम्पत्ति यकीन गरिनेछ,

(ख) निगमलाई कम्पनी ऐन अन्तर्गत आन्तरिक सेवा र वाह्य सेवाका आधारमा छुट्टाछुट्टै कम्पनीका रुपमा दर्ता गरिनेछ,

(ग) दुवै नयाँ कम्पनीको लागि निगमको खूद सम्पत्ति बाँडफाँड गरिनेछ,

(घ) दुवै नयाँ कम्पनीको खूद सम्पत्तिको बढीमा ८० प्रतिशतसम्मको लगानीमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय लगानीकर्ता वा विदेशी हवाई कम्पनी वा दुवैलाई सम्मिलित गराई सञ्चालन गरिनेछ । यस क्रममा धितोपत्र बजारको उपयोग गरी कम्पनीको नयाँ स्वामित्वमा आम नेपाली लगानीकर्तालाई सहभागी गराइनेछ । राष्ट्रको महत्वपूर्ण आर्थिक इकाइमा जनता र सरकारबीच साझेदारीको यो नयाँ उदाहरण हुने आशा गरेको छु ।

(ङ) यी सबै परिवर्तनको क्रममा निगमका स्थायी कर्मचारीहरुको सेवाको प्रत्याभूति दिइनेछ ।

७६. देशभित्र वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य शुरु गर्नका लागि उपयुक्त ठाउँको चयन तथा निर्माण-स्वामित्व-संचालन-हस्तान्तरणको अवधारणा अन्तर्गत परियोजना प्रस्तावको छनौटको कार्य आर्थिक वर्ष २०६०/६१ मा सम्पन्न गरिनेछ ।

७७. पर्यटन क्षेत्रको विकासका कार्यक्रमहरु निजी क्षेत्र तथा नेपाल पर्यटन बोर्डको सहभागितामा संचालन गरिनेछन् । निजी क्षेत्र तथा बोर्डका तर्फबाट लगानी गरिने स्रोतका अतिरिक्त यस क्षेत्रको विकासका लागि रु. ५ करोड ३० लाख विनियोजन गरिएको छ ।

## सडक तथा यातायात

७८. आर्थिक वर्ष २०६०/६१ मा नेपाल सडक बोर्डलाई पूर्ण रुपमा क्रियाशील बनाइनेछ । बोर्डको आयस्रोत पेट्रोल तथा डिजेलमा लगाइने शुल्क र सडक प्रयोगकर्ताहरुबाट उठाइने शुल्क हुनेछ । बोर्डले राजमार्ग तथा अन्य सडकहरुको सम्भार प्रभावकारी रुपमा गर्नेछ भन्ने आशा राखेको छु ।

७९. हाल अधिराज्यका विभिन्न शहरी क्षेत्रहरुमा सवारी साधनहरुको वृद्धि हुँदै गएको छ भने शहरी सडक विस्तार हुन सकेको छैन । भएका सडकको अवस्था पनि राम्रो छैन । यो परिस्थितिले गर्दा काठमाडौं लगायत विभिन्न शहरी क्षेत्रहरु आउदा केही वर्षमा सवारी

साधनको अत्यधिक चापले सङ्कटमा पर्ने स्पष्ट छ । अतः सधैं विदेशी सहायतामा मात्रै भर नपरेर आफ्नै स्रोत र साधनले शहरी सडकको विस्तार गर्न नयाँ पहल गर्नु आवश्यक भइसकेको छ । यस तथ्यलाई दृष्टिगत गरी सवारी साधनहरु दर्ता गर्दाका बखत शहरी सडक निर्माण तथा सम्भार दस्तुर लगाइएकोछ । यस्तो दस्तुरबाट उठेको सम्पूर्ण रकम स्वीकृत नगर योजना अनुरुप अधिराज्यका शहरी सडकको विस्तारमा उपयोग गरिने व्यवस्था मिलाइएको छ ।

८०. शहरी क्षेत्रका मूल सडकहरु मात्र नभई सहायक सडकहरुको स्थिति मर्मतको अभावमा दयनीय छ । यसमा सुधार ल्याउन मूल सडकहरु बाहेक अन्य सहायक सडकहरुको मर्मत-सम्भार गर्न उपभोक्ताबाट २० प्रतिशत, सम्बन्धित नगरपालिकाको ३० प्रतिशत र सरकारको ५० प्रतिशत योगदान रहने र मर्मत-सम्भार तथा निर्माणको अभिभारा सम्बन्धित उपभोक्तामा रहने व्यवस्था मिलाइनेछ ।

८१. देशका विभिन्न भू-भागलाई एक-आपसमा जोडी राष्ट्रिय एकीकरणमा सघाउ पुऱ्याउने महत्वपूर्ण माध्यमका रुपमा श्री ५ को सरकारले सडक यातायातलाई लिंदै आएको छ । सरकारको उद्देश्य दशौं योजनाको अन्त्यसम्ममा अधिराज्यका ७० जिल्लाका सदरमुकाम सम्म मोटरबाटोको सुविधा पुऱ्याउनु रहेको सन्दर्भमा आर्थिक वर्ष २०६०/६१ भित्र दार्चुला जिल्लाको खलङ्गा, बझाङ्ग जिल्लाको चैनपुर, कालिकोट जिल्लाको खाडचक्र-मान्मा र जाजरकोट जिल्लाको खलङ्गासम्म जोड्ने मोटरबाटोको निर्माण कार्य पुरा गरिनेछ ।

८२. कर्णाली राजमार्ग (सुर्खेत-जुम्ला खण्ड) को निर्माणका लागि रु. ४६ करोड विनियोजन गरिएको छ । नेपालथोक खण्ड समेत विश्वेश्वर प्रसाद कोइराला मार्ग (बनेपा-सिन्धुली-बर्दिवास) को निर्माणका लागि रु. ४० करोड छुट्याइएको छ । त्यसैगरी नारदमुनि थुलुङ्ग सडक (हिले-लेगुवाघाट-भोजपुर) को निर्माणार्थ रु. १० करोड ५ लाख विनियोजन गरिएको छ ।

८३. सडक सम्भार तथा विकास आयोजनाका लागि रु. ९५ करोड ७० लाख तथा विभिन्न सडकहरुको मर्मत-सम्भारका लागि रु. २९ करोड विनियोजन गरिएको छ ।

८४. मध्य-पश्चिमाञ्चल तथा सुदूर-पश्चिमाञ्चल क्षेत्रका जिल्लाहरुमा विभिन्न सडकहरुको निर्माणका लागि रु. १ अर्व ३६ करोड रकम विनियोजन गरिएको छ । लगानीमा भएको यो उल्लेखनीय वृद्धि त्यस क्षेत्रको विकास र रोजगारीको नयाँ आयाम सिद्ध हुने विश्वास लिएको छु ।

८५. अधिराज्यका विभिन्न राजमार्गहरु तथा सहायक मार्गहरुमा पर्ने १०२ वटा निर्माणाधीन पुलहरुमध्ये ३० वटा पुलहरुको निर्माण कार्य आर्थिक वर्ष २०६०/६१ मा सम्पन्न गरिनेछ । यस कार्यका लागि रु. ४६ करोड ५५ लाख विनियोजन गरिएको छ ।

८६. सडक यातायात क्षेत्रको विकासका लागि कुल रु. ५ अर्ब ३९ करोड रकम विनियोजन गरिएको छ ।

## जलविद्युत् विकास

८७. मध्य-मर्स्याङ्गदी, चमेलिया तथा कुलेखानी तेस्रो परियोजनाहरुको निर्माण कार्य सम्पन्न भएपछि ठूला तथा मझौला विद्युत् परियोजनाहरुमा सरकारको प्रत्यक्ष लगानीलाई विस्तारै कम गर्दै लगिनेछ । नयाँ विद्युत् परियोजनाहरुमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गरिनेछ । यो कार्यलाई सहज बनाउन आर्थिक वर्ष २०६०/६१ मा विद्युत् विकास कोषको स्थापना गरिनेछ । कोषले साना तथा मझौला स्तरका विद्युत् परियोजनाहरुको निर्माणका लागि निजी क्षेत्रलाई ऋण सहायता उपलव्ध गराउनेछ ।

८८. हुम्ला जिल्लाको हेल्दुङ्ग र मुगुको गमगढी साना जलविद्युत् परियोजना निर्माण कार्यलाई तीव्रता दिइनेछ ।

८९. उपलब्ध विद्युत् उत्पादन क्षमताको अत्यधिक उपयोग गर्न तथा विद्युत् उपभोक्ताहरुलाई पुऱ्याइने सेवाको गुणस्तर बढाउन वर्षातका बखत तथा विद्युत् कम खपत हुने समयमा विशेष सहुलियतपूर्ण महसूल व्यवस्था लागू गरिनेछ । प्रत्येक आर्थिक वर्षको अन्तमा विद्युत् महसूलको पुनरावलोकन गरिनेछ । वर्षा याममा उद्योगहरुलाई चलनचल्तीको भन्दा कम दरको महसूलमा विद्युत् उपलब्ध गराइनेछ ।

९०. विद्युतीकरणमा विस्तार विकासको महत्वपूर्ण पूर्वाधार हो । त्यसैले यस क्षेत्रमा सरकारी लगानी विस्तार गर्नुका साथै सरकार र जनताबीच साझेदारी र जनस्वामित्वको अवधारणालाई अगाडि बढाइनेछ । ग्रामीण विद्युतीकरणका लागि सरकारी लगानी बापत करीव रु. १ अर्व विनियोजन गरिएको छ । साथै विद्युतीकरणमा जनस्वामित्वको अवधारणा लागू गर्न नेपाल विद्युत् प्राधिकरणले विद्युत् वितरणको जिम्मा नगरपालिका तथा ग्रामीण तहमा गठन हुने विद्युत् सहकारी संस्थालाई दिने नीति अगाडि बढाउनेछ । यस नीति अन्तर्गत प्राधिकरणले नगरपालिका वा विद्युत् सहकारीहरुलाई थोक मूल्यमा विद्युत् बिक्री गर्नेछ र उक्त विजुली उपभोक्ता तहमा वेच्ने काम यी संस्थाहरुले गर्नेछन् । विद्युत् प्राधिकरणको थोक मूल्य र उपभोक्ताले तिर्ने बिक्री मूल्यबीचको अन्तर नगरपालिका र ग्रामीण विद्युत् सहकारी संस्थाहरुको आम्दानीको स्रोत हुनेछ भने यो संस्थागत संरचनाद्वारा विद्युत् चुहावट नियन्त्रण हुनेछ र विद्युत् वितरणको संरचनामा जनस्वामित्व कायम हुँदै जानेछ । यसै नीतिलाई अगाडि बढाउन र विद्युत् विस्तारमा जनतालाई अझ प्रत्यक्ष रुपमा सहभागी गराउन श्री ५ को सरकारले जिल्ला विकास समिति वा ग्रामीण विद्युत् सहकारी संस्थाहरुले विद्युत् नपुगेको क्षेत्रमा विद्युत् विस्तार गर्न चाहेमा उक्त विस्तार गर्न लाग्ने खर्चको ८० प्रतिशत अनुदानको रुपमा उपलव्ध गराउनेछ । यस कार्यक्रमले गर्दा अब ग्रामीण तहमा विद्युत् विस्तार गर्ने संस्थागत नेतृत्व र लगानीको दायित्व जनस्वामित्वमा संचालन हुने ग्रामीण विद्युत् सहकारी संस्थाहरु र जिल्ला विकास समिति उपर रहनेछ ।

९१. ग्रामीण विद्युतीकरण विस्तार गर्ने र यस कार्यको संचालन जनस्वामित्वको अवधारणा अन्तर्गत रही गर्ने दृष्टिकोणबाट अबदेखि गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति वा ग्रामीण तहमा गठन हुने विद्युत् सहकारीमध्ये कुनै पनि संस्थाले एक्लै वा संयुक्त रुपमा पाँच सय किलोवाट सम्मको विद्युत् उत्पादन गर्ने योजना

बनाएमा उक्त योजनाको लागि प्रति किलोवाट रु. ७५ हजार अनुदानको रुपमा उपलव्ध गराइनेछ । यसबाट “गाउँघरको विकास जनस्वामित्वको आधार” नामक जनता र सरकारबीच साझेदारीको नयाँ अभियान आरम्भ हुने विश्वास लिइएको छ ।

९२. ठूला जलविद्युत् आयोजनास्थल वरिपरि बसोबास गर्ने जनताका विकास आकांक्षा र आवश्यकताहरुतर्फ सरकार सचेत छ । यसैको अभिव्यक्तिस्वरुप हाल निर्माणाधीन ठुलो परियोजना मध्य-मर्स्याङ्गदी वरपर “छरछिमेक सहयोग कार्यक्रम” सञ्चालन गर्न रु. १९ करोड ७० लाख विनियोजन गरिएको छ ।

९३. विद्युत् क्षेत्रको विकासका लागि मात्र कुल रु. ६ अर्व ९२ करोड विनियोजन गरिएको छ ।

## वैदेशिक रोजगारी

९४. केही वर्ष यतादेखि वैदेशिक रोजगारीमा व्यापक वृद्धि भएको छ । तर वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई ऋण सुविधाको व्यवस्था अझै सरल हुन सकेको छैन । यसकारण आर्थिक दृष्टिले अति नै कमजोर समुदायले वैदेशिक रोजगारीको मौकाको पर्याप्त उपयोग गर्न पाएका छैनन् । यसमा सरकारी क्षेत्रबाट मात्र भएको प्रयास अझै कुशल र प्रभावकारी हुन सकेको छैन । तसर्थ, सरकार-जनता समझदारीको अवधारणा अन्तर्गत नेपाल रोजगार बैङ्कको स्थापनामा सघाउ पुऱ्याइनेछ । यस बैङ्कको मुख्य लगानीकर्ताका रुपमा नेपाल वैदेशिक रोजगार संघले औपचारिक सहमति जनाएको छ र यसमा श्री ५ को सरकारको समर्थन रहनेछ । रोजगारीका लागि विदेश जाने कामदारहरुलाई कामको प्रत्याभूतिका आधारमा ऋण उपलव्ध गराउनु यस बैङ्कको मुख्य काम हुनेछ भने वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण औपचारिक माध्यमबाट देशभित्र ल्याउने काम पनि यसले गर्नेछ ।

९५. हालसम्म रोजगारीको लागि विदेश जाने नेपालीले निकै ठूलो रकम शुरुमै लगानी गर्नु पर्ने भएकोले अति गरिव र दलित समुदाय वैदेशिक रोजगारीको अवसरमा वाञ्छित रुपमा सहभागी हुन पाएका छैनन् । यो स्थितिको अन्त्य गरी अति गरिव, दलितहरु र आतङ्कपीडित परिवारका सदस्यहरुका निमित्त वैदेशिक रोजगारीको लागि शुरुमै ठूलो रकम लगानी गर्न नपर्ने स्थिति सिर्जना गर्नु आवश्यक भएको छ । यसका लागि नेपाली कामदार आपूर्ति हुने देशहरुसंग राज्यस्तरमा संझौता गर्ने कार्यलाई अगाडि बढाइने छ । संझौता अनुसार रोजगारी पाएका व्यक्तिको तलवबाट निश्चित प्रतिशत कट्टा गरी वैदेशिक रोजगारीको क्रममा भएको खर्च रोजगार आपूर्ति संस्थालाई उपलव्ध गराउने व्यवस्था मिलाइनेछ । यसबाट रोजगारी पाउनुअघि नै ठूलो लगानी गर्नुपर्ने स्थितिको अन्त्य हुने विश्वास लिएको छु ।

९६. २०४२ सालमा लागु भएको वैदेशिक रोजगार नियमावली वैदेशिक रोजगारीको प्रवर्द्धक भन्दा बढी नियन्त्रणमुखी रहेको छ । २०६० साल आश्विन महिनाभित्र उक्त नियमावलीलाई वैदेशिक रोजगार प्रवर्द्धन गर्न मद्दत मिल्ने गरी परिमार्जन गरिनेछ ।

## (ख) सामाजिक क्षेत्र र पूर्वाधार विकास

### शिक्षा

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,

९७. गुणस्तरयुक्त शिक्षाबाट नै सुसंस्कृत, सभ्य र अनुशासित समाज निर्माण गर्न सकिने कुरामा दुइमत हुन सक्दैन । तर दुर्भाग्यवश, आजको नेपालको शैक्षिक क्षेत्र र सार्वजनिक विद्यालयको शिक्षा ह्रासको स्थितितर्फ उन्मुख देखिन्छ । शिक्षकहरु विद्यालय र समुदायप्रति उत्तरदायी छैनन् भन्ने गुनासो रहेको छ । सुसंस्कृत, सभ्य र अनुशासित नागरिक तयार गर्ने अधिकांश शिक्षकहरु दलीय राजनीतिमा सक्रिय रुपले सहभागी छन् र अबोध बालबालिकालाई पनि नजांनिदो किसिमले राजनीतिमा तानिरहेका छन् भन्ने जनगुनासो रहेको छ । वर्तमान विद्यालय निरीक्षण र अनुगमन प्रणालीबाट मात्रै यो अवस्थामा सुधार हुने संभावना देखिएको छैन । यी र यस्तै अरु कारणहरुको निदान र निराकरण गरी शिक्षकलाई आफ्नो विद्यालय र समुदायप्रति उत्तरदायी बनाउन सरकारले विद्यालयहरु स्थानीय व्यवस्थापन समितिलाई हस्तान्तरण गर्ने काम शुरु गरेको छ । व्यवस्थापन समितिमा अभिभावकहरु स्वयं संलग्न हुन थालेपछि आफ्ना कलिला बालबालिकाहरु ज्ञान आर्जन गर्न छोडेर राजनीतिमा लाग्ने र न्यून गुणस्तरको शिक्षा प्राप्त गर्ने जस्ता विसंगतिहरु हट्ने विश्वास लिइएको छ । यस क्रममा, आर्थिक वर्ष २०६०/६१ मा कम्तीमा ६ सय विद्यालयहरु व्यवस्थापन समितिलाई हस्तान्तरण गरिनेछन् । हस्तान्तरण गरिएका विद्यालयतर्फको अनुदानलाई निरन्तरता दिंदै विद्यालयको स्तरोन्नति गर्न प्रोत्साहनबापत प्रति विद्यालय थप रु. १ लाख उपलब्ध गराइनेछ ।

९८. सन् २०१५ सम्म "सबैका लागि शिक्षा" भन्ने अन्तर्राष्ट्रिय अवधारणामा नेपालले व्यक्त गरेको प्रतिबद्धतालाई क्रमशः मूर्त रुप दिने दृष्टिकोणले यस आर्थिक वर्षमा आठ जिल्लामा निरक्षरता उन्मूलन गर्न सघन र व्यापक रुपमा साक्षरता अभियान सञ्चालन गरिनेछ । जुन जिल्लामा यस्तो कार्यक्रम सञ्चालन गरिने हो सोही जिल्लाका कक्षा १० वा सोभन्दा माथिल्लो तहको शिक्षा आर्जन गरेका युवायुवती र तीमध्ये पनि खास गरी महिलाहरुलाई शिक्षक/शिक्षिकाको रुपमा परिचालन गर्न प्राथमिकता दिइनेछ । यस कार्यक्रमबाट चार हजारभन्दा बढी शिक्षित बेरोजगार युवायुवतीले आ-आफ्नै जिल्लामा प्रत्यक्ष रोजगार पाउनेछन् र यो कार्यक्रमको लागि मात्र रु. ७ करोड ७३ लाख विनियोजन गरिएको छ ।

९९. शिक्षाको विकासमा निजी क्षेत्र र समुदायको भूमिका अत्यन्त महत्वपूर्ण छ । समुदाय स्वयंले प्रवर्द्धन गरी संचालन गर्दै आएका प्राथमिक विद्यालयहरुलाई सरकारबाट विगतमा कुनै सहयोग गरिएको थिएन । त्यस्ता प्राथमिक विद्यालयहरुको जिम्मेवारीप्रति सरकार सजग र संवेदनशील हुंदै स्रोत र साधनले भ्याएसम्म सहयोग उपलब्ध गराउने नीति लिएको छु । अब उप्रान्त समुदायबाट सञ्चालित प्राथमिक विद्यालयलाई तोकिएको शिक्षक-विद्यार्थी अनुपातको मापदण्डको आधारमा तलव खर्चको एक चौथाइ वा

अधिकतम एक शिक्षकको तलव वरावरको रकम सहयोग दिने व्यवस्था गरिएको छ । सरकार र जनताबीच शिक्षाको लगानीमा हुने यो साझेदारीले शिक्षाको विस्तार गर्न सहयोग पुग्ने विश्वास गरेको छु ।

१००. विश्वविद्यालयले प्रदान गर्ने शिक्षालाई लागत-असूलीको सिद्धान्तमा आधारित बनाउन आवश्यक उपाय अवलम्वन गरिनेछ । यस क्रममा, त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसहरुलाई भौतिक सुविधाहरुको उत्पादनशील प्रयोग वा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरी थप आम्दानी गर्ने र यसरी गरिएको थप आम्दानी सम्पूर्णतः आफैले राखी निश्चित मापदण्डका आधारमा अध्यापकहरुलाई थप आर्थिक प्रोत्साहन दिन सक्ने स्वायत्तता प्रदान गर्न विश्वविद्यालयलाई प्रेरित गरिनेछ ।

१०१. हाम्रो विद्यालय शिक्षा संरचनामा सापेक्षिक रुपमा छात्रा, दलित र जनजाति विद्यार्थीको सहभागिता कम रहेको छ । यो असन्तुलन हटाउन सकारात्मक सर्वभागिताको नीति अवलम्वन गर्दै ग्रामीण क्षेत्रका सरकारी अनुदानमा सञ्चालित सामुदायिक विद्यालयहरुलाई दिइने नियमित अनुदानका अतिरिक्त अनुगमनको उपयुक्त व्यवस्था मिलाई देहाय अनुसारको थप अनुदान दिने नीति लिइएको छ :

(क) हाल छात्राहरुको राष्ट्रिय भर्ना दर ४४.८ प्रतिशत भन्दा कम रहेका जिल्लाहरुमध्ये न्यून दर रहेका २० वटा जिल्लाहरुमा छात्राहरुको भर्ना दर कुल विद्यार्थी संख्याको ४५ प्रतिशतभन्दा माथि पुऱ्याउने र शैक्षिक वर्षभरी नै सो अनुपात कायम गर्ने विद्यालयहरुलाई नियमित अनुदानको २५ प्रतिशत थप अनुदान दिइनेछ ।

(ख) दलित र जनजाति विद्यार्थीको भर्ना दर कुल विद्यार्थी संख्याको ३० प्रतिशत भन्दा बढी पुऱ्याउने र शैक्षिक वर्षभरी नै सो अनुपात कायम गर्ने सुदूर-पश्चिमाञ्चल र मध्य-पश्चिमाञ्चल क्षेत्रका विद्यालयहरुलाई नियमित अनुदानको २५ प्रतिशत थप अनुदान दिइनेछ ।

(ग) माथिका दुवै आधारहरु पूरा गर्ने विद्यालयहरुलाई माथि उल्लेख गरिएका दुवै प्रावधान अन्तर्गतको थप अनुदान प्राप्त हुनेछ ।

(घ) यस्तो थप अनुदानको आधा हिस्सा शिक्षकहरुलाई प्रोत्साहन दिन उपयोग गर्नु पर्नेछ र बाँकी रकम व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयको भौतिक सुविधामा खर्च गर्न सकिनेछ ।

१०२. अहिले सरकारी शिक्षण संस्थाहरुको गुणस्तर बढ्न सकेको छैन । यसले गर्दा निजी विद्यालय र सरकारी विद्यालयबीच गुणस्तरको दूरी बढ्दै गएको छ । यो समस्याको समाधान गर्न वहु-आयामिक कदमहरु लिनुपर्ने स्पष्टै छ । यस क्रममा, सरकारी विद्यालयस्तरमा गुणस्तर शिक्षा प्रोत्साहित होस् भन्ने उद्देश्यले यस वर्षदेखि ग्रामीण क्षेत्रका सरकारी विद्यालयहरुमध्ये प्रवेशिका परीक्षामा ५० प्रतिशतभन्दा बढी सफलता प्राप्त गर्ने विद्यालयहरुलाई प्रति विद्यालय रु ४ लाख एकमुष्ट थप अनुदान दिइनेछ । यस्तो थप रकमको कम्तीमा आधा हिस्सा विद्यालयका शिक्षकहरुको सुविधामा उपयोग गरी बाँकी रकम व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयको भौतिक सुविधामा

लगाउन सकिनेछ । यो नीतिले शैक्षिक गुणस्तर वढाउन विद्यालयहरुबीच प्रतिस्पर्धा बढ्ने र शिक्षकहरुलाई गुणस्तरयुक्त पठन-पाठन गराउन प्रोत्साहन हुने विश्वास गरिएको छ ।

१०३. उच्च शिक्षामा जनजाति र दलितको पहुँच कम भएको तथ्य गम्भीर चिन्ताको विषय बनेको छ । उच्च शिक्षामा पहुँच कम भएपछि देशको आर्थिक तथा प्रशासनिक क्षेत्रमा सहभागिता स्वतः कम हुने हाम्रो अनुभवले स्पष्ट गरेको छ । यो स्थितिमा सुधार ल्याउन श्री ५ को सरकारले वितरणमा न्यायको सिद्धान्त अनुरुप सकारात्मक सर्वभागिताको नीति अपनाउने निर्णय गरेको छ । यस नीति अनुसार सरकारी अनुदानमा आश्रित महाविद्यालय र विश्वविद्यालयहरुले प्रत्येक शैक्षिक भर्नामा न्यूनतम १० प्रतिशत दलित, १५ प्रतिशत जनजाति तथा २० प्रतिशत महिलालाई अनिवार्य रुपमा भर्ना गर्नुपर्ने व्यवस्था गरिएको छ । यो नीतिले राष्ट्रको शासकीय संरचनामा दूरगामी तथा परिवर्तनकारी प्रभाव पार्ने विश्वास गरेको छु । निजी विद्यालयहरुले पनि यो सरकारी नीतिलाई अपनाउने छन् भन्ने आशा गरेकोछु ।

१०४. प्राथमिक विद्यालयमा अध्ययनार्थ भर्ना हुने दलित परिवारका सबै बालबालिकालाई छात्रवृत्ति उपलव्ध गराइनेछ । यसका लागि रु. ८ करोड १७ लाख छुट्टयाएको छु ।

१०५. सार्वजनिक विद्यालयको भौतिक सुविधा विस्तार गर्न रु. २७ करोड व्यवस्था गरिएको छ ।

१०६. व्यावसायिक शिक्षामा सरकार, जनता र निजी क्षेत्रवीच साझेदारी कार्यक्रम अन्तर्गत देशको पांच विकास क्षेत्रका एक/एक वटा स्थान क्रमशः झापा, नुवाकोट, कपिलवस्तु, सुर्खेत र कञ्चनपुरमा स्थानीय नगरपालिका, उद्योग वाणिज्य संघ र श्री ५ को सरकारको संयुक्त लगानी र व्यवस्थापनमा इलम प्रशिक्षण केन्द्र (Trade School) खोलिने छन् । यस कामको लागि जग्गा नगरपालिकाले व्यवस्था गर्ने र लगानी उद्योग वाणिज्य संघ र श्री ५ को सरकारबाट हुने व्यवस्था मिलाइनेछ । यस्ता केन्द्रमा, डकर्मी, सिकर्मी, नकर्मी, प्लम्बर जस्ता पेशाकर्मीहरुका लागि रोजगारीमूलक तालीमको व्यवस्था गरिनेछ । यिनीहरुको व्यवस्थापनमा नगरपालिका र स्थानीय उद्योग वाणिज्य संघको प्रमुख रुपमा सहभागिता रहनेछ । यसबारे उद्योग वाणिज्य महासंघबाट लिखित प्रतिबद्वता प्राप्त भएको ब्यहोरा अवगत गराउन चाहन्छु ।

१०७. आधारभूत सीपयुक्त मध्यमस्तरीय जनशक्ति उत्पादन गर्न पूर्वाञ्चलको विराटनगरमा मनमोहन पोलिटेक्निक प्रतिष्ठान स्थापना गर्न रु. ७ करोड विनियोजन गरिएको छ ।

१०८. प्राथमिक विद्यालय पोषण कार्यक्रमलाई निरन्तरता दिंदै अझ विस्तार गरिनेछ । यस प्रयोजनका लागि रु. ५७ करोड ५४ लाख छुट्टयाइएको छ, जुन आर्थिक वर्ष २०५९।६० मा छुट्टयाइएको रकमभन्दा १५ प्रतिशतले बढी छ ।

१०९. आर्थिक वर्ष २०६०/६१ मा शिक्षा क्षेत्रका लागि छुट्टयाइएको जम्मा रकम रु. १५ अर्ब ४७ करोड रहेको छ जसमध्ये रु. ४ अर्ब ३४ करोड विकास खर्च तर्फको रहेको छ ।

## स्वास्थ्य

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,

११०. अत्यावश्यक औषधि सेवा उपलब्ध गराउने कार्यलाई आर्थिक वर्ष २०६०/६१ मा अभियानको रुपमा कार्यान्वयन गरिनेछ । उप-स्वास्थ्य चौकीहरु समुदायलाई हस्तान्तरण गर्ने श्री ५ को सरकारको घोषित नीति अनुसार आर्थिक वर्ष २०६०/६१ मा ५०० उप-स्वास्थ्य चौकीहरु समुदायलाई हस्तान्तरण गरिनेछ । समुदायमा हस्तान्तरण गरिने उप-स्वास्थ्य चौकीहरुको व्यवस्थापनमा सहयोग पुऱ्याउन आवश्यक स्रोत उपलब्ध गराइनेछ । आर्थिक वर्ष २०६०/६१ मा २५० उप-स्वास्थ्य चौकीहरुको भवन निर्माण गर्न समेत स्रोत उपलब्ध गराइनेछ ।

१११. मानव विकास सूचकाङ्क न्यून रहेका मुगु, बाजुरा, कालीकोट, बझाङ्ग, जाजरकोट, डोल्पा, जुम्ला, डोटी, अछाम, हुम्ला, रसुवा, दैलेख र सल्यान जिल्लामा प्रत्येक परिवारलाई निःशुल्क रुपमा अत्यावश्यक स्वास्थ्य उपकरण र औषधि सहितका चिकित्सा झोलाहरु वितरण गरिनेछ । चिकित्सा झोलाहरुको वितरणबाट २ लाख ४७ हजार परिवार लाभान्वित हुनुका अतिरिक्त ग्रामीण परिवारको पारिवारिक स्वास्थ्यमा सुधार आउने विश्वास लिएको छु । जापानी इन्सेफलाइटिस विरुद्ध २ लाख ५० हजार व्यक्तिलाई खोप दिइनेछ । अधिराज्यका १५ जिल्लाहरुमा विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य उपचार कार्यक्रम सञ्चालन गरिनेछ ।

११२. मोरङ्ग, धादिङ्ग, नवलपरासी, बाँके, गोरखा, लमजुङ्ग, कैलाली र सोलुखुम्वु जिल्लामा नमूनाको रुपमा सामुदायिक स्वास्थ्य बीमा योजना लागू गरिनेछ ।

११३. धुम्रपान तथा मदिरा दस्तुरको असूली तथा त्यसको उपयोगको विद्यमान व्यवस्थामा परिवर्तन गरिएकोछ । आर्थिक वर्ष २०६०/६१ देखि चुरोट एवं मदिराको बिकी तथा उत्पादनबाट संकलन हुने अन्तःशुल्कको केही हिस्सा प्रत्येक वर्ष राष्ट्रिय बजेटमा नै समावेश गरी सूर्तीजन्य रोगहरु रोकथाम गर्ने कार्यक्रममा खर्च गरिने व्यवस्था मिलाइनेछ । यसरी बजेटमा विनियोजन गरिने रकमको ५० प्रतिशत अर्बुद रोग जस्तो घातक रोगको रोकथाममा संलग्न निकायहरुलाई उपलब्ध गराइनेछ । बाँकी ५० प्रतिशत हृदयरोग तथा सूर्तीजन्य रोगहरुको रोकथाममा संलग्न निकायहरुलाई उपलब्ध गराउनुका अतिरिक्त सूर्ती र मदिराविरोधी अभियान तथा प्रचार-प्रसारको लागि पनि उपलब्ध गराउने व्यवस्था गरिएकोछ ।

११४. एच.आइ.भि. एड्सको बढ्दो संक्रमणलाई नियन्त्रण गर्ने राष्ट्रिय क्षमता अभिवृद्धि गर्न वर्तमान सरकार प्रतिबद्ध छ । यसका निमित्त वर्तमान राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रलाई एक सशक्त प्राविधिक केन्द्रको रुपमा विकसित गर्न प्राथमिकता दिइनेछ ।

११५. शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल), त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, विश्वेश्वर प्रसाद कोइराला स्वास्थ्य

विज्ञान प्रतिष्ठान र केही आँखा अस्पतालहरुलाई आधुनिक उपकरणहरुले सुसज्जित गरी सेवाको स्तर वृद्धि गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

११६. स्वास्थ्य क्षेत्रको लागि विकास बजेट अन्तर्गत रु. ३ अर्ब ३ करोड समेत गरी जम्मा रु. ५ अर्ब २० करोड विनियोजन गरिएको छ ।

## खानेपानी

११७. आर्थिक वर्ष २०६०/६१ मा चाँडो प्रतिफल दिने र उपभोक्ता समितिमा विपन्न, दलित र महिलाको सहभागिता हुने निर्माणाधीन खानेपानी तथा सरसफाइ आयोजनाहरुलाई सम्पन्न गर्न उच्च प्राथमिकता दिइनेछ ।

११८. आर्थिक वर्षको शुरुदेखि नै २० जिल्लाका १ हजार २ सय गाउँ विकास समितिमा सामुदायिक खानेपानी तथा सरसफाइ कार्यक्रम संचालन गरी आर्थिक वर्षको अन्त्यसम्म ८ लाख ५० हजार जनतालाई खानेपानी सेवा उपलब्ध गराइनेछ ।

११९. शहरी तथा अर्ध-शहरी क्षेत्रको बढ्दो जनसंख्यालाई स्वच्छ पिउने पानी पर्याप्त मात्रामा उपलब्ध हुन सकिरहेको छैन । यस स्थितिमा सुधार गर्न सरकारले ८ जिल्लाका १५ शहरी क्षेत्रमा निर्माणाधीन खानेपानी आयोजनाहरु आर्थिक वर्ष २०६०/६१ मा सम्पन्न गर्नेछ ।

१२०. मेलम्ची खानेपानी आयोजनाको लागि रु. १ अर्ब २८ करोड विनियोजन गरिएको छ । काठमाडौं उपत्यकाको बढ्दो खानेपानी मागलाई केही हदसम्म पुरा गर्न आर्थिक वर्ष २०६०/६१ मा मनहरा तथा सैंबु खानेपानी आयोजना सम्पन्न गरिनेछन् । यसका लागि रु. ४१ करोड १५ लाख विनियोजन गरिएको छ ।

१२१. दशौं योजनाको अन्त्यसम्ममा अधिराज्यका सबै जनतालाई खानेपानी सुविधा सहज रुपमा उपलब्ध गराउने उद्देश्यलाई ध्यानमा राखी विभिन्न खानेपानी तथा सरसफाइ कार्यक्रम कार्यान्वयन गर्न आर्थिक वर्ष २०६०/६१ मा रु. ३ अर्ब ४६ करोड विनियोजन गरिएको छ ।

## जनसंख्या, वातावरण तथा मानव बसोबास

१२२. काठमाडौं उपत्यकामा जनसंख्याको बढ्दो चाप कम गर्न तथा सो कारणबाट विस्तार भएको अव्यवस्थित शहरीकरणलाई नियन्त्रण गर्न शहरोन्मुख स्थानहरु धुलिखेल, बनेपा, पनौती, विदुर, कमलामाई, रत्ननगर, हेटौंडा, भरतपुर र धादिङ्बेसीमा शहरी तथा वातावरण सुधार कार्यक्रम संचालन गरिनेछ ।

१२३. काठमाडौं उपत्यकामा व्यवस्थित शहरीकरण गरी उपत्यकाको वातावरण सुधार गर्न अधिकारसम्पन्न स्वायत्त काठमाडौं उपत्यका विकास प्राधिकरण सम्बन्धी कानुन बनाई गठन कार्य प्रारम्भ गरिनेछ । यो प्राधिकरण बनेपछि वर्तमान उपत्यका नगर विकास समितिलाई विघटन गरिनेछ । यसले काठमाडौं उपत्यकाको समष्टिगत योजना बनाउने

र सो योजना अनुरुप विकासलाई निर्देशित गर्न नगरपालिका तथा गाँउ विकास समितिलाई सहयोग पुऱ्याउनेछ । यो प्राधिकरणमा काठमाडौं उपत्यकाभित्रका तीनै जिल्लाका महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाका प्रमुखहरुको सहभागिता रहनेछ र गाउँ विकास समितिहरुको समेत प्रतिनिधित्व सुनिश्चित गरिनेछ । काठमाडौं उपत्यकाको योजनावद्ध विकासमा श्री ५ को सरकार, नगरपालिका र गाउँ विकास समितिहरुको सहभागिता गराउने अग्रगामी विकासको यो नीति सरकार-जनता साझेदारीको सशक्त अभिव्यक्ति हुने विश्वास लिएको छु ।

१२४. भूकम्प लगायतका प्रकृतिजन्य विपत्तिबाट मानवीय नोक्सानी कम गर्न र किफायती, सुरक्षित र रोजगारमूलक भवन निर्माणलाई बढावा दिन राष्ट्रिय भवन संहिता लागू गरिनेछ ।

१२५. पर्यावरणमा सुधारको साथै पेट्रोलियम पदार्थको खपतमा देखिएको वृद्धिदरमा कमी ल्याउने दृष्टिकोणले पनि विद्युतीय सार्वजनिक यातायातलाई देशमा प्रोत्साहन गर्नु जरुरी छ । यस उद्देश्यलाई परिपूर्ति गर्न प्रथम चरणमा काठमाडौं, पोखराको साथै सुनौली-वुटवल, विराटनगर-धरान, वीरगञ्ज-हेटौंडा र नेपालगञ्ज-कोहलपुरमा निजी क्षेत्रले ट्रली वस चलाउन चाहेमा विद्युत् उपकरण र सवारी साधनको आयातमा आगामी पाँच वर्षको लागि भन्सार छुट दिइनेछ र आवश्यक विद्युत् शक्ति सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । यस नीतिले निजी क्षेत्रलाई विद्युतीय यातायातमा लगानी गर्न प्रोत्साहित गर्ने विश्वास लिएको छु ।

१२६. हाल बन्द रहेको ट्रली बस सेवाको सञ्चालन गरी काठमाडौं उपत्यकामा वातावरण-मैत्री यातायातको पुनरुत्थान गर्न विद्यमान उपकरण तथा बसहरु काठमाडौं महानगरपालिका, मध्यपुर थिमी र भक्तपुर नगरपालिकाहरुले संयुक्त सहभागितामा सञ्चालन गर्ने गरी हस्तान्तरण गरिनेछ ।

१२७. पेट्रोलको आयात र खपत बढ्दै गएको सन्दर्भमा स्वदेशमै उत्पादन हुने र पर्यावरण-मैत्री इन्धनको खोजी गरी केही हदसम्म भएपनि पेट्रोलको प्रतिस्थापन गर्नु पर्ने भएको छ । यसका लागि उखुबाट चिनी उत्पादन गर्दा सह-उत्पादनको रुपमा निक्लने इथानोललाई पेट्रोलसंग मिश्रण गरी उपयोग गर्न सकिने भएकाले त्यस्तो व्यवसाय प्रवर्द्धन हुन सक्ने वातावरण सिर्जना गरिनेछ ।

१२८. काठमाडौं उपत्यकाबाट २० वर्षभन्दा बढी पुराना भाडाका सवारी साधन विस्थापित गर्ने घोषित सरकारी नीति र सम्मानित सर्वोच्च अदालतको आदेश समेत कार्यान्वयन गर्न शुरु दर्ता भएका मितिले २० वर्षभन्दा पुराना सवारी साधनका मालिकहरुले ती सवारी साधनहरु स्वेच्छाले काठमाडौं उपत्यका, पोखरा र लुम्विनी गुरुयोजना क्षेत्रमा सञ्चालन नगर्ने शर्तमा वागमती अञ्चलको दर्ता खारेज गराई अन्यत्र दर्ता सारी लगेमा वा पत्रु ( Scrap) मा परिणत गरी पठाएमा नयाँ सवारी साधन साविककै दर्ता नम्बरमा दर्ता गर्न पाउने व्यवस्था मिलाइनेछ । यसबाट उपत्यकाको पर्यावरणीय सुधारमा सहयोग पुग्नेछ ।

१२९. विद्युतीय सवारी साधनको नयाँ दर्तामा लागेको रोक्का हटाइनेछ । साथै, विद्युतीय सवारी साधनले प्रयोग गर्ने विद्युत् सहुलियत दरमा दिने व्यवस्था मिलाइनेछ ।

१३०. पर्यावरण-मैत्री सिमेन्ट, ईंटा र आधुनिक प्रविधिको चिम्नी ईंटा उत्पादनलाई बढावा दिने नीति लिइने जानकारी गराउन चाहन्छु । यस्ता उद्योगलाई बढावा दिन अन्तःशुल्क सम्बन्धी व्यवस्थामा सामयिक सुधार गरिएको छ । साथै, परम्परागत भट्टा प्रविधि (Bull Trench Kiln) बाट उत्पादन हुने ईंटाको उत्पादन निरुत्साहित गर्न अन्तःशुल्क सम्बन्धी दरमा सुधार गरिएको छ ।

१३१. काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापनका लागि ओखरपौवामा अल्पकालीन रुपमा फोहोर तह लगाउने स्थल तयार गरी आर्थिक वर्ष २०६०/६१ देखि प्रयोगमा ल्याइनेछ । साथै, सोही स्थानमा दीर्घकालीन रुपमा फोहोर तह लगाउने स्थलको भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न गरिनेछ ।

१३२. उद्योगहरुबाट निष्कासन हुने औद्योगिक प्रदूषणको मापदण्ड तर्जुमा एवं अनुगमन कार्यलाई अझै तीव्रता प्रदान गरिनेछ ।

## ग्रामीण पूर्वाधार तथा स्थानीय विकास

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

१३३. परम्परागत सिंचाइ सुविधा उपलब्ध हुन नसकेको स्थानमा थोपा-सिचाइ (Sprinkler Irrigation) र पोखरीको पानीबाट गरिने सिंचाइ सुविधा उपलब्ध गराउन जोड दिइनेछ ।

१३४. ग्रामीण क्षेत्रमा शिक्षा तथा सूचनाको प्रभावकारी माध्यम रेडियो भएकोले आर्थिक वर्ष २०६०/६१ मा हुम्ला, दाङ्ग र इलाम जिल्लामा ३ वटा फ्रिक्वेन्सी मोडुलेशन (FM) स्टेशन स्थापना गरिनेछ ।

१३५. वैकल्पिक ऊर्जामा जनताको पहुंच बढाउने कार्य सरकारको प्राथमिकता रही आएको छ । वैकल्पिक ऊर्जा कार्यक्रम अन्तर्गत ६५ जिल्लामा २२ हजार बायो ग्यांस प्लान्ट वितरण गरिनेछ । ४७ जिल्लामा १ हजार ७ सय ५० किलोवाट विद्युत् उत्पादन हुने साना जलविद्युत् आयोजना र ७३ जिल्लामा १० हजार सौर्य प्लान्ट वितरण गरिनेछ । सामुदायिक ऊर्जा कार्यक्रम अन्तर्गत आठ जिल्लामा सामुदायिक सौर्य पम्पिङ्ग, सौर्य शक्तिबाट पकाउने, तताउने र सुकाउने यन्त्रहरुको वितरण गरिनेछ । यसबाट ७ सय २० परिवार लाभान्वित हुने छन् । यसका लागि पर्याप्त रकम विनियोजन गरिएको छ ।

१३६. महाकाली नदी पारिका चाँदनी र दोधारा गाउँ विकास समितिहरुलाई जिल्लाका अरु भू-भागसँग जोड्ने महाकाली नदीमा निर्माणाधीन फराकिलो (Multi-Span) झोलुङ्गे पुलको निर्माण आर्थिक वर्ष २०६०/६१ मा सम्पन्न गरिनेछ ।

१३७. भोजपुर, खोटाङ्ग, संखुवासभा, अछाम, दैलेख र डोटी जिल्लामा सडकको पहुँच पुऱ्याई यस क्षेत्रको गरिबी निवारण तथा सामाजिक-आर्थिक अभिवृद्धि गर्न ग्रामीण पहुँच कार्यक्रम अन्तर्गत ३०० किलोमिटर सडक निर्माण, सर्वेक्षण, डिजाइन तथा वातावरणीय प्रभाव मूल्याङ्कन, सामाजिक बचत परिचालन कार्यक्रम तथा जिल्लाको यातायात गुरुयोजना तयारी जस्ता कार्यहरु गरिनेछन् । यसका लागि रु. ४० करोड ६५ लाख विनियोजन गरिएको छ ।

१३८. खाद्यान्न नपुग हुने मध्य तथा सुदूर पश्चिमका पहाडी जिल्ला लगायत अधिराज्यका ३१ जिल्लामा सञ्चालन गरिएको कामका लागि खाद्यान्न कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसको लागि रु. ३८ करोड ८७ लाख छुट्याइएको छु ।

१३९. स्थानीय स्वायत्त शासन नियमावलीमा व्यवस्था भए बमोजिम पर्यटन शुल्कको बाँडफाँड गर्दा सोको अंश सम्बन्धित जिल्ला विकास समितिले पनि पाउने व्यवस्था मिलाइनेछ ।

१४०. स्थानीय निकायहरुलाई जाने अनुदान गरिबीको सूचकको आधारमा बाँडफाँड गर्ने व्यवस्था अनुरुप जिल्ला विकास समितिलाई अनुदान वितरण गर्ने व्यवस्था मिलाइसकिएको छ । यसबाट गरिबीको सघनता बढी भएको जिल्लालाई बढी अनुदान प्राप्त हुनेछ । आर्थिक वर्ष २०६०/६१ मा गाउँ विकास समितितर्फ पनि यस्तै आधारबाट अनुदान वितरण गर्ने संयन्त्रको शुरुवात गरिनेछ । त्यसैगरी स्थानीय निकाय वित्त आयोगको क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।

१४१. स्थानीय निकायहरुलाई विकास निर्माणको काममा आत्मनिर्भर बनाउन, सेवाको स्तर सुधार गर्न सक्षम तुल्याउन, स्थानीय स्तरको वातावरणमा सुधार ल्याउन र प्राकृतिक विपत्ति परेका बखत अत्यावश्यकीय सेवा उपलब्ध गराउन सक्षम बनाउने सरकारको प्रतिबद्धता अनुरुप आर्थिक वर्ष २०६०/६१ मा दश जिल्लालाई लागतको १० प्रतिशत रकम ब्यहोरेमा डोजर र १५ वटा नगरपालिकालाई फोहोर संकलन गर्ने ट्रक र दमकल उपलब्ध गराइनेछ ।

१४२. स्थानीय निकायको प्रशासनिक क्षमता वृद्धि गर्न स्थानीय स्तरको सेवा छनौट प्रक्रियालाई बढी स्वच्छ र प्रतिस्पर्धी बनाउन स्थानीय निकाय सेवा आयोग गठन गरिनेछ ।

१४३. राजधानी शहरको विशिष्ट प्रशासकीय महत्व र महानगरपालिका तथा उप-महानगरपालिकाहरुको शासकीय अधिकारहरुको आवश्यकता दृष्टिगत गर्दै यस्ता निकायहरुलाई नगर सरकार (City Government) को रुपमा सञ्चालन हुने आधार सिर्जना गर्न महानगरपालिका सम्बन्धी नयाँ कानुन २०६० पौष महिनाभित्र तर्जुमा गरिनेछ ।

१४४. जिल्ला प्राविधिक कार्यालयहरु जिल्ला विकास समितिको मातहतमा रहने व्यवस्था मिलाइनेछ । केन्द्रीयस्तरका निकायबाट जिल्ला प्राविधिक कार्यालयलाई बढी स्वायत्तता प्रदान गर्नुका साथै प्राविधिक ज्ञान/सीपको सहयोगमा वृद्धि गरिनेछ ।

१४५. जिल्ला विकास समितिमा जाने सबै प्रकारका रकमहरु जिल्ला विकास कोषमा जम्मा गरी सो मार्फत सम्बन्धित कार्यका लागि निकासा हुने व्यवस्था गरिएको छ । यसबाट जिल्ला तथा स्थानीयस्तरमा सञ्चालन हुने सबै कार्यक्रमहरुलाई गरिबी निवारणको उद्देश्य हासिल गर्ने दिशामा एकीकृत रुपमा सञ्चालन गर्न सहयोग मिल्नेछ । कोषको प्रभावकारी कार्यान्वयनको लागि प्रचलित कानुनहरुमा पुनरावलोकन गरिनेछ ।

**(ग) सामाजिक मूलप्रवाहीकरणका लागि लक्ष्यित कार्यक्रम**

१४६. मध्य तथा सुदूर पश्चिमका पहाडी जिल्लाहरुमा झोलुङ्गे पुल निर्माण कार्यलाई तीव्रता दिन थप पुलहरु आर्थिक वर्ष २०६०/६१ भित्रै सम्पन्न गर्ने व्यवस्था मिलाइएको छ ।

१४७. ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग तथा विधवाहरुलाई सरकारले प्रदान गर्दै आएको भत्ताको रकम बापत रु. ६० करोड विनियोजन गरिएको छ । अशक्त र अपाङ्गहरुको हितका लागि सञ्चालित कार्यक्रमहरुलाई निरन्तरता दिइएकोछ ।

१४८. राष्ट्रिय प्रतिभाको स्मरण र सम्मान गर्नु राष्ट्रको दायित्व हो । यसै तथ्यलाई दृष्टिगत गरी राष्ट्रिय प्रतिभा स्मारक कोषमार्फत बी.पी. कोइराला चिन्तन प्रतिष्ठान, मदन-आश्रित स्मृति प्रतिष्ठान, टङ्क प्रसाद आचार्य स्मृति प्रतिष्ठान, पासाङ्ग ल्हामु प्रतिष्ठान, महागुरु फाल्गुणानन्द स्मृति प्रतिष्ठान, आदिकवि भानुभक्त सम्बन्धी कार्यक्रम सञ्चालनार्थ नेपाली शिक्षा परिषद्, गणेशमान सिंह स्मृति प्रतिष्ठान तथा मातृका प्रसाद कोइराला स्मृति प्रतिष्ठानलाई आर्थिक सहयोग गर्ने व्यवस्था मिलाइएको छ ।

१४९. बालबालिका तथा महिलाको स्वास्थ्य तथा शिक्षाको स्तरमा सुधार ल्याउन बालबालिका तथा महिलाका लागि विकेन्द्रित कार्ययोजना अन्तर्गत खोप, पोषण कार्यक्रम, सरसफाइ तथा स्वस्थ पिउने पानी, शौचालय व्यवस्था, मातृ स्वास्थ्य सुरक्षा जस्ता कार्यक्रम १८ जिल्लाका २ सयभन्दा बढी गाउँ विकास समितिहरुमा कार्यान्वयन गरिनेछ । यसैगरी सप्तरी, महोत्तरी, रौतहट, कपिलवस्तु, दाङ्ग र डडेलधुरा जिल्लामा जनसंख्या शिक्षा तथा प्रजनन स्वास्थ्य कार्यक्रमहरु स्थानीय निकायबाट सञ्चालन गरिनेछन् ।

१५०. गरिबी निवारणका लक्षित कार्यक्रमहरु सञ्चालन गर्न गरिबी निवारण कोष स्थापना गरी रकम प्रवाह गरिनेछ । यसबाट स्थानीय स्तरमा आय आर्जन, सामाजिक सबलीकरण तथा जनसहभागितामा वृद्धि हुन गई मुलुकको गरिबी निवारण गर्ने लक्ष्य हासिल गर्न महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ । गरिबी निवारण कोषका लागि रु. ४० करोड छुट्याइएको छ ।

१५१. माओवादी विद्रोहबाट पीडित भई विधवा भएका महिलाहरुलाई विशेष आर्थिक सहायता दिने र टुहुरा भएका बाल-बालिकाहरुलाई विद्यालय शिक्षाको निमित्त छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था मिलाइएकोछ ।

१५२. मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रमा वृद्धि गरेको बजेटको कार्यान्वयनको नियमित अनुगमन राष्ट्रिय योजना आयोगबाट गर्ने व्यवस्था मिलाइएको छ ।

१५३. महिलाहरुको विकास तथा लैङ्गिक समता हासिल गर्नका लागि महिलाहरुप्रति लक्ष्यित कार्यक्रमहरुको कार्यान्वयनमा जोड दिइनेछ । यस क्रममा, महिला जागृति आय-आर्जन कार्यक्रम तथा महिला सशक्तीकरण कार्यक्रमहरुका लागि आवश्यक रकमको विनियोजन गरिएको छ ।

१५४. यसैगरी साना तथा मझौला उद्यम कर्जातर्फ रु. १ करोड सम्मको लगानीको सुरक्षण गर्ने व्यवस्था मिलाएको छु ।

१५५. ग्रामीण क्षेत्रमा लघु वित्त केन्द्रहरु मार्फत लक्ष्यित समूहमा कर्जा प्रवाह गर्ने कार्यलाई अझ प्रभावकारी बनाइनेछ । यसको लागि रु. १९ करोड विनियोजन गरिएको छ । विपन्न तथा सीमान्त व्यक्तिहरुप्रति लक्ष्यित ऋण कार्यक्रमलाई सुदृढ गर्न ग्रामीण स्वावलम्वन कोषमा योगदान गर्ने व्यवस्था गरिएको छ ।

## (घ) सुशासन

## आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,

१५६. संसदीय व्यवस्थाको सुदृढीकरण गर्न सरकार प्रतिबद्ध रहेको कुरा पुनः दोहऱ्याउन चाहन्छु । स्वतन्त्र र निष्पक्ष निर्वाचनद्वारा प्रजातान्त्रिक संस्थाहरुको पुनर्जीवन प्रदान गर्ने कार्य सरकारको प्राथमिक दायित्व हो । यसैले आर्थिक वर्ष २०६०/६१ मा प्रतिनिधि सभाको निर्वाचनको लागि पर्याप्त रकम विनियोजन गरिएको छ ।

१५७. राजनीतिक तहमा हुने भ्रष्टाचार नरोकिएसम्म भ्रष्टाचारमुक्त समाजको परिकल्पना सम्भव छैन । चुनाव लड्ने प्रयोजनका लागि अस्वस्थ र अपारदर्शी तरीकाले चन्दा संकलन गर्ने कार्यले नै भ्रष्टाचारको बीउको अंकुरण हुन्छ । अपारदर्शी चन्दा संकलनको सम्भावनाबाट राजनीतिक दलहरुलाई मुक्त गर्न चुनाव हुने समय अगाडि दलहरुलाई सरकारले अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ । यसको लागि निर्वाचन आयोगमा दर्ता रहेका राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलहरुलाई लगत्तै अघिल्लो प्रतिनिधि सभाको निर्वाचनमा प्राप्त गरेको मतको आधारमा प्रति मत रु. २०।- का दरले अनुदान दिने व्यवस्था मिलाएको छु । यस्तो अनुदान आम चुनावको तिथिबाट दुई महिना अगाडि मात्र दिइने छ । यसका अतिरिक्त, राजनीतिक दलहरुलाई आम चुनावको तिथिबाट दुई महिना अगाडि देखि व्यवसायिक कम्पनीहरुबाट दिइने चन्दालाई पनि पारदर्शी तुल्याउन कर सम्बन्धी व्यवस्थामा केही नयां नीति लिइएको छ, जुन राजस्वको विवरणमा पछि उल्लेख गरिनेछ । यी दुवै प्रावधानको उपयोग गर्ने सबै राजनीतिक दलहरुले आफ्नो आय-व्ययको हिसाब तथा वासलात नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाका सदस्य रहेका बरिष्ठ चार्टर्ड एकाउन्टेन्टबाट लेखा परीक्षण गराई प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्नेछ ।

१५८. भ्रष्टाचार हुन नदिने अचुक उपाय सरकारी क्रियाकलापमा पारदर्शिता हो । यही अवधारणा अनुरुप श्री ५ को सरकारले छिट्टै वित्तीय पारदर्शिता कानुन लागु गर्नेछ । यो कानुनको कार्यान्वयनपछि ठेक्का-पट्टा, खरीद-बिक्री, ठेक्का रकम थप-घट (Variation)

जस्ता थुप्रै सरकारी निर्णयका आधार, विधि र प्रक्रियासंग सम्बन्धित कागजात जनताले हेर्न पाउनेछन् । यसबाट सार्वजनिक क्षेत्रमा भ्रष्टाचार नियन्त्रण गर्न, इमान्दारी तथा सुशासन कायम गर्न र सरकार माथि जनताको विश्वास बलियो पार्न ठुलो मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

१५९. निजामती, प्रहरी र जङ्गी कर्मचारी सिकिस्त विरामी परी महङ्गो उपचार गराउनुपर्दा ऋण लिनुपर्ने वा भएको सम्पत्ति बेच्नुपर्ने समस्यामा परेकाले आर्थिक वर्ष २०६०/६१ देखि प्रत्येक वर्ष दुई सय जनालाई रु दुई लाख सम्मको विशेष स्वास्थ्योपचार बापत र तीन हजार जना सम्मलाई अस्पताल भर्ना हुनुपर्ने सामान्य प्रकृतिका स्वास्थ्योपचारका लागि रु ४० हजार सम्म उपलब्ध हुने गरी स्वास्थ्य वीमा गर्ने प्रबन्ध आगामी तीन महिना भित्र मिलाइनेछ । यस्तो सुविधा विद्यमान कानुन बमोजिम पाइने सुविधाका अतिरिक्त हुनेछ ।

१६०. आफ्नो एउटा सानो घर होस् भन्ने चाहना प्रत्येक कर्मचारीमा हुनु स्वाभाविकै हो । सरल तरिकाबाट यस्तो चाहना पूरा हुन नसक्दा उनीहरुले कतिपय अवस्थामा अर्थोपार्जनका गलत तरिका अपनाउने गरेको पनि सुनिन्छ । कर्मचारी वर्गलाई सरल रुपमा आवास सुविधा उपलब्ध गराई उत्प्रेरित गर्न आर्थिक वर्ष २०६०/६१ मा काठमाडौं महानगरपालिकाको चक्रपथ बाहिर १ हजार १ सय वटा न्यून आय र मध्यम आय वर्ग लक्षित आवासमा  कर्मचारी सञ्चयकोषले लगानी गर्ने व्यवस्था मिलाइएको छ ।  काठमाडौं उपत्यका बाहिरका जिल्लाहरुमा यस्ता ५०० वटा आवासहरु निर्माण गरिने छन् । कोषले यस्ता आवासहरु कर्मचारीहरुलाई सरल कर्जामा उपलब्ध गराउने छ । यसका लागि प्रारम्भिक काम शुरु भइसकेको जानकारी गराउँदछु ।

१६१. दुई वर्षअघि घोषणा भएर पनि प्रारम्भ गर्न नसकिएको अंशदान निवृत्तिभरण प्रणाली ( Contributory Pension System) आर्थिक वर्ष २०६०/६१ को तीन महिनाभित्रै प्रारम्भ गरिनेछ । यो व्यवस्था निजामती, प्रहरी, जङ्गी र शिक्षकहरुको बृद्धावस्था आय सुरक्षाका निमित्त लागू गर्नुपर्ने गरी कानुनी व्यवस्था गरिनेछ ।

१६२. असल शासनको लागि योग्य, पेशाप्रति निष्ठावान्, दक्ष, आधुनिक तथा मानव अधिकारको सम्मान गर्ने प्रहरी संगठन अपरिहार्य छ । प्रहरी संगठनलाई योग्य, पेशामुखी र निष्ठावान् बनाउँदै लैजान यसको छनौट तथा तालीम प्रक्रियामा सुधारको आवश्यकता देखिएको छ । यसका लागि आर्थिक वर्ष २०६०/६१ मा एउटा स्वतन्त्र प्रहरी आयोगको स्थापना गर्ने व्यवस्था मिलाइनेछ र तालीमलाई बढावा दिइनेछ । यो कदमले प्रहरी संगठनमा राजनीतिकरणको संभावनाको अन्त्य गर्नेछ भन्ने विश्वास लिएको छु । प्रहरी संगठनमा संख्यात्मक वृद्धि भन्दा पनि यसको क्षमता वृद्धि गर्न उच्च तालीम दिने तथा साधनसम्पन्न गराउनुका साथै सामुदायिक प्रहरीलाई प्रोत्साहन दिनेतर्फ सरकारले ध्यान पुऱ्याउनेछ ।

१६३. अधिराज्यका विभिन्न कारागारहरुमा रहेका बन्दीहरुलाई मानवोचित जीवन-निर्वाहका लागि हालको सिधा दर न्यून रहेकाले समानताको आधार समेत लिई प्रति दिन प्रति बन्दी रु १५।- को सट्टा रु ३०।- गरिएको छ ।

१६४. राष्ट्रिय मानव अधिकार आयोगको बजेटमा केही वृद्धि गरिएको छ । आर्थिक वर्ष २०६०/६१ मा राष्ट्रिय मानव अधिकार कार्य योजना तयार गरी कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

१६५. प्रतिनिधि सभा र राष्ट्रिय सभा तथा सोको प्रशासनिक खर्चको लागि पर्याप्त रकमको व्यवस्था गरिएको छ ।

१६६. सबै सरकारी कार्यालयहरु जिल्ला विकास समिति र गाउँ विकास समिति तथा सरकारको अनुदान प्राप्त गर्ने निकायहरुले आफ्नो बजेट वा कार्यक्रमको लागि प्राप्त भएको रकम तथा खर्चको मासिक विवरण सार्वजनिक जानकारीको निमित्त प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको छ । जिल्ला विकास समितिले चौमासिक खर्च र भौतिक प्रगतिको विवरण सार्वजनिक गर्नु पर्नेछ । कार्यक्रमको प्रगति तथा खर्चको सार्वजनिक जानकारी दिने परिपाटीले साधनको भ्रष्टाचार तथा दुरुपयोग रोक्न मद्दत पुग्ने विश्वास लिएको छु । सबै प्रकारका स्थानीय विकास कार्यक्रमका लागि जन-लेखापरीक्षण ( Public Audit) अनिवार्य हुने व्यवस्था गरिएको छ ।

१६७. जिल्लास्तरका आयोजनाहरु तथा कार्यक्रमहरुमा खपत हुने सामग्रीहरु केन्द्रीय स्तरबाट एकीकृत रुपमा खरीद गर्दा व्यापक अनियमितता र असुविधा हुने गरेका गुनासाहरु आएका छन् । आर्थिक वर्ष २०६०/६१ देखि सामग्रीको उपयोग जुन सरकारी निकायले गर्ने हो त्यही निकायमा खर्चको अख्तियारी सहित खरीद गर्ने अधिकार पनि दिनुपर्ने व्यवस्था गरिएको छ ।

१६८. सुशासनको प्रत्याभूति दिने सन्दर्भमा सञ्चालित कार्यक्रमहरु जस्तै निजामती सेवामा महिलाहरुको सहभागिता बढाउने एवं सकारात्मक कारवाहीको नीति ल्याउने, तलवमान सम्बन्धी नीति तर्जुमा गर्ने, कार्य दक्षता कोषको व्यवस्था गर्ने तथा निजामती सेवा ऐनमा समय सापेक्ष सुधार गर्दै लैजाने कार्यलाई कार्यान्वयन गर्दै लगिनेछ । त्यसै गरी सुधार कार्यक्रमलाई निरन्तरता दिन तयार पारिएको “तत्काल सुधार योजना, २०६०” लाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

१६९. प्रत्येक मन्त्रालयले आफु अन्तर्गतका सबै जिल्लास्तरीय कार्यालयको कार्यसम्पादन र सेवा प्रदान गरेको स्तरको निरन्तर अनुगमन र मूल्याङ्कन गरी उत्कृष्ट काम गर्ने जिल्लास्तरीय कार्यालयका कुनै एक कर्मचारीलाई प्रत्येक वर्ष “वर्षका उत्कृष्ट कर्मचारी” घोषणा गर्नुपर्ने व्यवस्था गरिएको छ । यसबाट जिल्लास्थित सरकारी कार्यालयहरुबीच सेवाको स्तर बढाउन प्रतिस्पर्धा भई जनतालाई छिटो-छरितो सेवा उपलब्ध हुने मेरो विश्वास छ । वर्षका उत्कृष्ट कर्मचारीहरु सार्वजनिक रुपमा घोषणा गरिनेछन् र यस्तो छनौटका लागि वस्तुगत तथा पारदर्शी मापदण्ड र छनौट विधि तयार गरी सार्वजनिक गरिनेछ ।

१७०. राज्यप्रदत्त सेवा ग्रामीणस्तर सम्म पुगे नपुगेको अध्ययन गरी त्यस्तो सेवा पुगेको प्रत्याभूति गर्न प्रत्येक जिल्लामा गृह प्रशासन, स्वास्थ, शिक्षा, खानेपानी, कृषि, पशु विकास र जिल्ला विकास समितिका अधिकृतहरु सम्मिलित संयुक्त टोली आफ्नो

जिल्लाको प्रत्येक निर्वाचन क्षेत्रमा नियमित रुपमा जानुपर्ने व्यवस्था गरिएको छ । यस्तो संयुक्त टोलीमा गैर-सरकारी संस्था र नागरिक समाजका प्रतिनिधि पनि रहन सक्नेछन् । यो टोलीले स्थलगत रुपमा नै जनतालाई सेवा उपलब्ध गराउनेछ । यसले गर्दा ग्रामीण जनता प्रत्यक्ष रुपमा लाभान्वित हुन सक्ने मेरो विश्वास  छ ।

### (ङ) आर्थिक सुधार

१७१. मध्यमकालीन खर्च संरचनाको शुरुवातसंगै आर्थिक वर्ष २०५९/६० मा सार्वजनिक खर्च सम्बन्धी विभिन्न सुधारहरुको कार्यान्वयन शुरु गरिएको थियो । सार्वजनिक खर्च व्यवस्थापन सुधार गर्ने क्रममा आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्नुका अतिरिक्त उच्च प्राथमिकताप्राप्त आयोजना तथा कार्यक्रमहरुका लागि बजेटको निश्चितता कायम गरिनुका साथै उपलब्धिको आधारमा निकासा दिने व्यवस्था समेत शुरु गरिएको छ । यसै क्रममा आर्थिक वर्ष २०६०/६१ को लागि विनियोजित विकास बजेटमा ७२.५ प्रतिशत पहिलो प्राथमिकता, २३.३ प्रतिशत दोस्रो प्राथमिकता र बाँकी तेस्रो प्राथमिकताका कार्यक्रममा विनियोजन गरिएको छ । साथै, पहिलो प्राथमिकतामा रहेका कार्यक्रम तथा आयोजनाहरुको वार्षिक विस्तृत कार्यक्रम २०६० साउन मसान्तभित्रै राष्ट्रिय योजना आयोगबाट प्रकाशित गर्ने व्यवस्था मिलाएको छु ।

१७२. सार्वजनिक खर्च सुधार गर्ने क्रममा अवलम्वन गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनको अनुभव उत्साहवर्धक रहेको र यसमा दातृ समुदायबाट पनि सकारात्मक अभिव्यक्ति पाइएको छ । तदनुरुप वैदेशिक सहयोग उपलब्ध गराउने प्रतिवद्धतामा पनि बढोत्तरी भएको छ । आर्थिक वर्ष २०६०/६१ मा यी सुधार सम्बन्धी कार्यक्रमलाई अरु सुदृढ गरिने व्यवस्था मिलाएको छु ।

१७३. नेपाल विकास मञ्चको बैठक आर्थिक वर्ष २०५८/५९ मा नेपालमा पहिलो पटक सम्पन्न भएको थियो । जसबाट दातृ राष्ट्र तथा संस्थाहरुले नेपाललाई नजिकैबाट चिन्ने मौका पाएका थिए र यसले नेपालको विकास प्रयासमा अनुकूल वातावरण सिर्जना गरेको थियो । उक्त बैठकमा नेपाललाई आर्थिक रुपले सहयोग गर्दै जाने वचनबद्धता दातृ समुदायबाट ब्यक्त गरिएको थियो । अतः नेपाल विकास मञ्चको अर्को बैठक आर्थिक वर्ष २०६०/६१ मा नेपालमा नै गर्ने व्यवस्था मिलाइनेछ । त्यस्तै, नेपालको विकास प्रयासमा द्विपक्षीय/वहुपक्षीय दातृ संस्था एवं अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुबाट प्राप्त सहयोगलाई मुलुकको आवश्यकता अनुसार प्रभावकारी ढङ्गले प्रवाह र उपयोग गर्न "वैदेशिक सहायता नीति, २०५९" को कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

१७४. आर्थिक वर्षको अन्त्यमा हतार-हतारमा गरिने खर्चबाट निर्माण कार्यको गुणस्तर कायम रहंदैन भने आर्थिक दुरुपयोग हुने संभावना पनि रहन्छ । यस कार्यलाई निरुत्साहित गर्न माघ मसान्तभित्र ठेक्का दिनुपर्ने काम सम्पन्न नगर्ने वा स्वीकृत कार्यतालिकाबाट विना कारण तीन महिनाभन्दा बढी ढिला गर्ने आयोजनाहरुको निकासा रोक्का गरिनेछ । असाधारण अवस्था नपरी वैशाख मसान्तपछि विकास कार्यक्रमहरुको बजेट रकमान्तर वा थप निकासा गर्ने काम नगरिने व्यवस्था गरिएको छ । यस नीतिको प्रतिबद्धतापूर्ण

अवलम्वनबाट असारको अन्त्यमा विकास बजेटको ठूलो अंश माग गर्ने परम्परा रोकिनेछ भन्ने विश्वास लिएको छु ।

१७५. बैकिङ्ग क्षेत्रमा बचत गर्ने बचतकर्ताहरुको रकमको दुरुपयोग र गैर जिम्मेवारीपूर्ण बैकिङ्ग व्यवहार रोक्नका अतिरिक्त समग्र बैकिङ्ग क्षेत्रको व्यवस्थापन र नियमन गर्न विद्यमान अलग-अलग ऐनहरुलाई एकीकृत गरी एक छुट्टै बैङ्क तथा वित्तीय संस्था कानुन तर्जुमा गरी लागू गरिनेछ ।

१७६. सहकारी बचत तथा वित्तीय संस्थाहरुले सहकारी सिद्धान्तका विपरीत सर्वसाधारणबाट समेत बचत सङ्कलन गर्ने र अनियन्त्रित रुपमा ऋण प्रवाह गर्ने कार्य गरी वित्तीय विकृति फैलाएको देखिएको छ । यसलाई नियन्त्रण गरी विशुद्ध सहकारिताको विकास गर्न विद्यमान कानुनमा आवश्यक सुधार गरिनेछ ।

१७७. वाणिज्य बैङ्क तथा वित्तीय संस्थाहरुको निष्क्रिय कर्जाको जोखिम कम गरी त्यस्ता संस्थाहरुको वित्तीय क्षमता सुदृढ गर्न सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापनार्थ रु. १५ करोड विनियोजन गरिएको छ ।

१७८. धितोपत्र व्यवसाय र बजारमा लगानीकर्ताहरुलाई आकर्षित गरी यसप्रतिको विश्वसनीयता वृद्धि गर्न तथा धितोपत्र वोर्डको नियमन सम्बन्धी अधिकारलाई सबल र स्पष्ट बनाउन धितोपत्र अध्यादेश, २०६० छिट्टै जारी हुने व्यवस्था गरिनेछ । साथै, धितोपत्र बजारमा हुने पूँजी परिचालनलाई प्रभावकारी बनाउन तथा यसको सञ्चालनमा प्रतिस्पर्धा र पारदर्शिता स्थापित गर्न धितोपत्र बजारका संयन्त्रहरुलाई फराकिलो, बजारोन्मुख तथा लगानीकर्ताको हित अनुकूल हुने गरी सुधार गरिनेछ । यसैगरी, धितोपत्र व्यवसायीहरुको पेशागत मर्यादा र दक्षता अभिवृद्धि गर्न आवश्यक विवेकपूर्ण आधारहरु (Prudential Norms) तोकी कार्यान्वयनमा ल्याउन उपयुक्त कानुनी व्यवस्था गरिनेछ ।

१७९. दुई ठुला वाणिज्य बैङ्कहरुको व्यवस्थापन करारमा दिने कार्य सम्पन्न भइ नयाँ व्यवस्थापनले कार्यारम्भ गरिसकेको छ । यस क्रममा, आर्थिक वर्ष २०६०/६१ मा नेपाल राष्ट्र बैङ्कको पुनर्संरचनाको कार्य तथा वाणिज्य बैङ्कहरुको व्यवस्थापकीय सूचना प्रणालीको विकास गरी बैङ्कहरु बीचको नेटवर्किङ्ग वृद्धि गर्ने जस्ता कार्यहरु गरिनेछन् । वित्तीय क्षेत्रको सुधारका लागि सुरक्षित कारोवार (Secured Transactions), दामासाही (Insolvency) र कम्पनी सम्बन्धी अध्यादेशहरु यथाशीघ्र जारी हुने व्यवस्था गरिनुका साथै मुद्रा शुद्धीकरण नियन्त्रण (Anti-Money Laundering ) तथा सम्पत्ति व्यवस्थापन कम्पनी (Asset Management Company) सम्बन्धी कानुन ६ महिनाभित्र तर्जुमा गरिनेछ । संगठित तथा वित्तीय क्षेत्र सुशासनका यी सबै कार्यहरुका लागि रु. ९४ करोड विनियोजन गरिएको छ ।

१८०. नेपालले विश्व व्यापार संगठनमा प्रवेशका लागि गरिरहेको प्रयत्नको परिप्रेक्ष्यमा वित्तीय क्षेत्रमा उदार नीति कायमै राख्नुपर्ने आवश्यकता अनुरुप वित्तीय संघ-संस्थाहरुको संख्यात्मक तथा गुणात्मक अभिवृद्धिमा जोड दिइनेछ । यस सन्दर्भमा, अन्तर्राष्ट्रिय

स्तरका वित्तीय संघ-संस्थाहरुले पालना गर्ने नियमन सम्बन्धी व्यवस्थाहरु नेपालको वित्तीय क्षेत्रमा कार्यान्वयन गर्ने, गराउने कार्यमा नेपाल राष्ट्र बैङ्कले अग्रसरता लिएको छ । आर्थिक गतिविधिमा केही शिथिलता आएको वेलामा वित्तीय संघ-संस्थाहरुलाई नियमन र सुपरिवेक्षण सम्बन्धी यी व्यवस्थाहरु पालना गर्न केही असजिलो हुनु स्वाभाविकै हो । तर भोलिको दिनको प्रतिस्पर्धी वातावरणका लागि वित्तीय संघ संस्थाहरुलाई सक्षम ढङ्गले तयार पार्न यी व्यवस्थाहरुको अपरिहार्यता रहेको छ ।

१८१. श्री ५ को सरकारले अङ्गीकार गरेको वित्त नीतिसंग सामञ्जस्य र अन्तरसम्बन्ध कायम राखी नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीतिको उद्देश्य र रणनीतिहरु सार्वजनिक गरी कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । यसै सन्दर्भमा समष्टिगत आर्थिक वस्तुस्थिति र परिसूचकहरुलाई ध्यान दिंदै समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल प्रभाव नपर्ने गरी नेपाल राष्ट्र बैङ्कले उपयुक्त मौद्रिक नीतिको तर्जुमा र कार्यान्वयन गर्नेछ । देशको आर्थिक गतिविधि र लगानीका कार्यक्रम सञ्चालनार्थ आवश्यक पर्ने पूँजीको लागत कम गराउन मुद्रास्फीतिका दरलाई हेरेर लिएको लचिलो मौद्रिक नीतिबाट देशमा आर्थिक शिथिलता नियन्त्रण गर्न तथा रुग्ण उद्योग लगायत निर्यात क्षेत्रतर्फ साधन प्रवाहित गर्न केही सहयोग पुग्न गएको अनुभव छ । यसैका आधारमा यस व्यवस्थालाई आवश्यकता अनुरुप आगामी दिनहरुमा समेत नेपाल राष्ट्र बैङ्कले अवलम्वन गर्नेछ ।

१८२. आर्थिक वर्ष २०६०/६१ देखि सबै बैङ्क तथा वित्तीय संस्थाहरुले गर्ने निक्षेप बीमाको सीमा रु. ५० हजारबाट बढाई रु. १ लाख गर्ने व्यवस्था गरिएको छ ।

१८३. सार्वजनिक खरीद प्रकिया निष्पक्ष र प्रतिस्पर्धी भएको खण्डमा निजी क्षेत्रको विकासलाई मद्दत पुग्ने र भ्रष्टाचार समेत रोकिने हुंदा सरकारले सार्वजनिक खरीद सम्बन्धी कानुन लागू गर्नुका अतिरिक्त सार्वजनिक खरीद प्रकियाहरुको जानकारी दिन सार्वजनिक खरीदमा संलग्न हुने अधिकारीहरुलाई तालीम समेत दिइनेछ । अन्तर्राष्ट्रिय मान्यतामा आधारित सार्वजनिक खरीद सम्बन्धी कानुन लागू भएपछि खास गरी वैदेशिक सहायतामा कार्यान्वयन हुने आयोजनाहरुको खरीदमा समेत एकरुपता आउन गई दातृ संस्थापिच्छै छुट्टाछुट्टै प्रकियाहरु अवलम्वन गर्नुपर्ने झन्झट समेत समाप्त हुनेछ । वित्तीय उत्तरदायित्व विश्लेषण प्रतिवेदनका सिफारिशहरुको कार्यान्वयन गर्नुका अतिरिक्त ती सिफारिशहरुको कार्यान्वयनको नियमित अनुगमनको लागि स्थायी समितिको व्यवस्था गरिनेछ ।

१८४. आर्थिक वर्ष २०६०/६१ को शुरुदेखि नै ऋण असुली न्यायाधिकरणले आफ्नो कार्य शुरु गर्ने व्यवस्था मिलाइएको छ । बैंकिङ्ग क्षेत्रको खराब सम्पत्ति कम गरी यस क्षेत्रको सुधार गर्न श्री ५ को सरकार प्रतिबद्ध रहेको परिप्रेक्ष्यमा तोकिएको मितिमा साँवा ब्याज भुक्तानी नगर्नेहरु उपर बैंकिङ्ग क्षेत्रले गर्ने कारवाहीलाई सशक्त वनाउन आवश्यक सहयोग उपलब्ध गराइनेछ । बैङ्कबाट ऋण लिएर नतिर्ने प्रवृत्तिको विरुद्ध यो सरकार कटिवद्ध रहने कुरा जानकारी गराउँदछु ।

१८५. सरकारी ऋणपत्रहरुलाई सर्वसाधारणले समेत निर्धक्क भई स्वीकार गर्ने हुंदा अब देखि ती ऋणपत्रहरुलाई धितोपत्र वजारमा सूचीकृत गरी दोस्रो बजार व्यापक गराइने

र ऋणपत्रको खरीद बिक्री सरल र सहज बनाइनेछ । साथै, सरकारी ऋणपत्रहरुको प्राथमिक निष्काशन गर्दा प्रतिस्पर्धात्मक प्रक्रिया अपनाई लिलाम बढाबढद्वारा बिक्री गर्ने व्यवस्था मिलाइनेछ ।

### (च) पुनर्निर्माण तथा पुनर्स्थापन

१८६. विगतका विध्वंसात्मक गतिविधिबाट नष्ट भौतिक संरचनाको पुनर्निर्माण गरी सरकारप्रति जनताको विश्वास पुनर्स्थापित गर्न आर्थिक वर्ष २०६०/६१ मा विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ । त्यसै गरी, हिंसाबाट पीडित तथा विस्थापित परिवारहरुलाई पुनर्स्थापन तथा विशेष रोजगारी उपलब्ध गराउने कार्यहरु सञ्चालन गरिनेछ ।

१८७. विध्वंसात्मक गतिविधिका कारण भत्किएका गाउँ विकास समिति भवन, स्वास्थ चौकी, अन्य ग्रामीण स्तरका सरकारी भवनहरुको पुनर्निर्माणका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सबै राष्ट्रिय दलका प्रतिनिधि र नागरिक समाजका प्रतिनिधि रहेको जिल्लास्तरीय समिति गठन गरिनेछ । उक्त समितिले स्थानीय तहमा उपभोक्ता समिति गठन गरी ध्वस्त भएका भवन तथ संरचनाहरु पुनर्निर्माण गर्न आवश्यक रकम उपभोक्ता समितिलाई उपलब्ध गराउनेछ । निर्माणको अभिभारा उपभोक्ता समितिमा रहनेछ ।

१८८. माथि उल्लेख गरिएबमोजिम साधारण र विकास खर्चका लागि विनियोजित रु. १०२ अर्व ४० करोडमध्ये राजस्वको वर्तमान स्रोतबाट रु. ५७ अर्व २२ करोड ८१ लाख, वैदेशिक अनुदान सहायताबाट रु. १५ अर्व ५१ करोड २२ लाख १२ हजार र वैदेशिक ऋण सहायताबाट रु. १२ अर्व ८२ करोड ७ लाख ८८ हजार व्यहोरिने भई रु. १६ अर्व ८३ करोड ८९ लाख न्यून हुनेछ ।

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

### राजस्व सम्बन्धी अनुमान

१८९. अव म राजस्व परिचालन सम्बन्धी नीति, विद्यमान नीतिहरुमा गरिएको समायोजन, परिवर्तन र राजस्व सम्बन्धी विवरण जानकारी गराउंदछु ।

१९०. राजस्व संरचना, नीति, ऐन नियम एवं प्रशासन समेतमा अल्पकालीन तथा दीर्घकालीन सुधार ल्याउनको निमित्त सुझावहरु दिन गत वर्ष वित्तीय सुधार कार्यदल, २०५९ गठन भएको थियो । त्यसैगरी राजस्व परामर्श समितिले आर्थिक वर्ष २०६०/६१ को बजेटका लागि राजस्व सम्बन्धी सुझावहरु समावेश भएको प्रतिवेदन प्रस्तुत गरेको थियो । म स्वयंले उद्योग वाणिज्य क्षेत्र लगायत विभिन्न संघ-संस्थाहरुका प्रतिनिधिहरु एवं अन्य सरोकारवाला व्यक्तिहरुसंग विस्तृत छलफल गरेको थिएँ । यी विविध अध्ययन प्रतिवेदनहरु एवं सुझावहरुको गम्भीरतापूर्वक मनन गरी आर्थिक वर्ष २०६०/६१ को राजस्व सम्बन्धी नीतिगत, प्रशासनिक एवं कानुनी व्यवस्थाहरु गरिएको छ ।

१९१. आर्थिक वर्ष २०६०/६१ को राजस्व सम्बन्धी व्यवस्थाहरुको उद्देश्य मुख्यतया कर लचकता तथा प्रभावकारितामा वृद्धि ल्याउनु, करका दरहरुमा यथाशक्य कटौती र समायोजन गरी करको दायरा विस्तारमा जोड दिनु तथा निर्यातकर्ता, लगानीकर्ता, उद्यमी एवं सर्वसाधारण करदातालाई राहत तथा सुविधा पुऱ्याई करदाता-मैत्री व्यवहारद्वारा लगानी, उपभोग एवं बचतलाई प्रोत्साहित गर्नु रहेकोछ ।

१९२. आयकर ऐन, २०५८ हालै मात्र लागू भएकोले यो ऐनको प्रभाव थाहा पाउन केही समय लाग्ने हुन्छ । तथापि भाषागत अस्पष्टताहरु वारेका गुनासा हटाउन निजी क्षेत्रका विभिन्न संघ-संस्थाहरुबाट प्राप्त सुझाव समेतलाई दृष्टिगत गरी यो ऐनलाई सरल एवं स्पष्ट बनाउने प्रयास गरिएको छ । साथै प्रशासनिक दिग्दर्शन एवं निर्देशिकाहरु तयार गरी ६ महिनाभित्र सार्वजनिक गरी आयकर व्यवस्थालाई करदातामुखी बनाउँदै लगिने छ ।

१९३. मालसामानको पैठारीमा लागी आएको विशेष शुल्कमा ५० प्रतिशतले कटौती गरिएको छ । सवारी साधन, पेट्रोलियम पदार्थ, मदिरा र चुरोट जस्ता वस्तुहरुमा विशेष शुल्क कटौती गरिए पनि सो वस्तुहरुको भंसार एवं अन्तःशुल्कका दरहरुमा वृद्धि गरी पूर्ववत् राजस्व सङ्कलन हुने व्यवस्था मिलाइएको छ ।

१९४. मूल्य अभिवृद्धि करको प्रभावकारिता बढाउन यसको दायरा विस्तार गर्नुको साथै बिलिङ्ग प्रक्रियामा सुधार ल्याउन करदाता चेतना अभिवृद्धि, लेखापरीक्षण, भंसार मूल्याङ्कनमा सुधार, करदाता दर्ता अभियान जस्ता कार्यक्रमहरु चलाइनेछन् । काठमाडौं उपत्यकामा निश्चित वस्तुहरुको कारोवारमा "उपहार कार्यक्रम" संचालन गरी विल लिने दिने बानीलाई प्रोत्साहित गरिनेछ ।

१९५. भंसार प्रशासनमा आमूल सुधार ल्याउन तीन वर्षे योजना तयार गरी आर्थिक वर्ष २०६०/६१ देखि विशेष भंसार सुधार योजना लागू गरिनेछ । यस योजना अन्तर्गत भंसार मूल्याङ्कन प्रक्रियामा सुधार, भंसार प्रक्रियाहरुमा सुधार, यान्त्रीकरण र भौतिक संरचनामा सुधार, कार्यसम्पादन परिसूचकहरुमा आधारित कर्मचारी मूल्याङ्कन व्यवस्था तथा व्यापक तालीमको व्यवस्थाद्वारा जनशक्ति विकास र जोखिमका आधारमा मालवस्तु जाँचपास तथा लेखापरीक्षण गर्ने जस्ता कार्यहरुलाई जोड दिइनेछ । व्यापार प्रबर्द्धन केन्द्रको सहयोग लिई मुख्यमुख्य वस्तुहरुको अन्तर्राष्ट्रिय बजार मूल्यको डाटावेस तयार गरी नियमित रुपमा अद्यावधिक गर्दै लगी सार्वजनिक समेत गराइनेछ ।

१९६. डि.आर.पि. अन्तर्गत भारतीय अन्तःशुल्क रकम गत आर्थिक वर्षमा उत्साहवर्धक रुपमा फिर्ता भएको छ । यसलाई आधुनिक सूचना प्रणालीसंग आबद्ध गरी भारतीय अन्तःशुल्क फिर्ता प्रक्रियालाई अझ बढी व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१९७. मदिरा नियन्त्रण सेवा दस्तुर एवं धुम्रपान तथा मदिरा दस्तुर खारेज गरी अन्तःशुल्कमा समायोजन गरिएको छ । यी कोषहरु खारेज गरी बजेटबाटै आवश्यक खर्चको व्यवस्था गर्ने प्रबन्ध मिलाइएको छ । बजेट वाहिर रहेका यस्ता कोषहरु विस्तारै खारेज गर्दै लगी बजेट भित्रबाट पारदर्शी ढंगले आय र व्ययको व्यवस्था गर्ने नीति लिइनेछ ।

१९८. नेपाल अधिराज्यमा मुख्य राजमार्ग तथा सडकहरुको नियमित मर्मतसम्भार गरी निश्चित गुणस्तरीयता वर्षभरि नै कायम राख्न आवश्यक स्रोत जुटाउने हेतुले नेपाल अधिराज्यभित्र पैठारी हुने पेट्रोलमा प्रति लिटर रु. १।- र डिजलमा प्रति लिटर ।५० पैसा सडक सुधार दस्तुर लगाउने व्यवस्था गरिएको छ । यसको कारणले उपभोक्ता मूल्य वृद्धि हुन नदिन आवश्यक व्यवस्था मिलाइएको छ । सडक सुधार दस्तुरबाट असूल भएको पुरै रकम विनियोजित बजेटको माध्यमबाट सडक बोर्डलाई उपलब्ध गराइनेछ । साथै, शहरी सडक निर्माण एवं सम्भार गर्न सो सडकको उपयोगकर्ताबाट पर्याप्त स्रोत जुटाउन नयाँ सवारी साधनमा दर्ताका बखत मूल्यको १.५ प्रतिशतले र मोटर साइकलमा प्रति गोटा रु. ३ हजारका दरले शहरी सडक निर्माण एवं सम्भार दस्तुर लगाइएको छ ।

१९९. विभिन्न गैर-कर राजस्वका शीर्षकहरु जस्तै- शुल्क, रोयल्टी, दस्तुर र सरकारी वस्तु वा सेवाको मूल्यलाई समसामयिक एवं लागतका आधारमा पुनरावलोकन गर्दै जाने नीति लिइएको छ । सरकारले उपलब्ध गराउने वस्तु तथा सेवाको मूल्य निर्धारण गर्दा लागत असूल हुने गरी निर्धारण गर्ने र आवश्यकता अनुसार तिर्न सक्ने क्षमतामा समेत ध्यान दिइनेछ ।

२००. राजस्व चुहावट नियन्त्रण गर्न राजस्व अनुसन्धान विभागलाई बढी अधिकारसम्पन्न एवं प्रभावकारी बनाउन थप कानुनी प्रावधान गरिएको छ । कर छलेको सूचना दिने व्यक्तिलाई पुरस्कृत गर्ने व्यवस्था मिलाई भंसार, मूल्य अभिवृद्धि कर एवं आयकर समेतको राजस्व चुहावट माथि विशेष निगरानी राख्ने, राजस्व चुहावट सम्बन्धी सूचनाहरु संकलन गर्ने एवं सम्बन्धित विभागहरुसंग समन्वय राखी कारवाही गर्ने, आन्तरिक ओसार-पसारमा छड्के परीक्षण गर्ने जस्ता कार्यहरुमा जोड दिइनेछ ।

२०१. अब म प्रत्यक्ष कर सम्बन्धी व्यवस्थाहरु बारे जानकारी गराउन चाहन्छु ।

२०२. न्यून आय भएका करदातालाई राहत दिन कर छुटको सीमालाई वृद्धि गरी व्यक्ति तथा दम्पतिको लागि क्रमशः रु. ८० हजार र १ लाख रुपैयाँ कायम गरिएको छ । जीवन बीमालाई प्रोत्साहन दिन तिरेको प्रिमियम रकमको ७ प्रतिशत वा १० हजार रुपैयाँमध्ये जुन घटी हुन्छ सो रकमलाई करयोग्य आयबाट घटाउन पाउने व्यवस्था गरिएको छ । साथै लगानी बीमाको लाभमा लागी आएको कर १० प्रतिशतबाट घटाई ५ प्रतिशत कायम गरिएको छ ।

२०३. कम आय भएका साना व्यवसायीहरुलाई सरल रुपमा कर तिर्ने वातावरण उपलब्ध गराउन तथा करको भार न्यून राख्न व्यवसायबाट प्राप्त आय र कारोवारको हालको सीमा वृद्धि गरी आयतर्फ रु. १ लाख २० हजार र कारोवारतर्फ रु. १२ लाख कायम गरिएको छ ।

२०४. निकासीकर्ताको भावनालाई दृष्टिगत गर्दै यस्ता करदाताहरुका लागि आय विवरण पेश गर्दा र कर परीक्षण गर्दा विशेष कक्षको व्यवस्था गरी छिटो छरितो एवं प्रभावकारी रुपमा सेवा प्रदान गरिनेछ ।

२०५. निकासीमा प्रोत्साहन दिन र निकासी अभिवृद्धिको लागि निकासी कारोबारबाट हुने आयमा लाग्ने करको दरमा सहुलियत प्रदान गरी २० प्रतिशत भन्दा बढी कर नलाग्ने व्यवस्था गरिएको छ ।

२०६. नाफामा सञ्चालित कम्पनीहरुले प्रतिनिधिसभाको निर्वाचन हुने वर्ष चुनाव हुने मितिले दुइ महिना अगाडिको समयभित्र आफ्नो नाफाबाट अधिकतम रु. ५० लाखसम्म राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलहरुलाई सार्वजनिक रुपले घोषणा गरी चन्दा दिन सक्ने र त्यस्तो चन्दालाई आयकर प्रयोजनका लागि खर्च लेख्न पाइने व्यवस्था गरिनेछ । यस्तो सुविधा प्राकृतिक व्यक्तिको हकमा लागू हुने छैन ।

२०७. नेपालको धार्मिक आस्थाका प्रतीक र महनीय सांस्कृतिक सम्पदाका रुपमा श्री पशुपतिनाथको मन्दिर र गौतम बुद्धको जन्मस्थल लुम्बिनी रहेका छन् । यी दुई धार्मिक तथा सांस्कृतिक धरोहरको संरक्षण र विकास गर्नु हामी सबैको परम कर्तव्य हो । यही दृष्टिकोणबाट प्रेरित भएर पशुपति क्षेत्र विकास कोष तथा लुम्बिनी विकास कोषको गुरु योजना अनुरुपको कार्यक्रमका लागि कुनै दाताले रु. ५० लाखसम्म दान गरेमा उक्त रकम आयकर प्रयोजनको लागि खर्च लेख्न पाउने व्यवस्था गरिनेछ । यसबाट यी दुई पवित्र तीर्थस्थलको विकासमा हामी सबै नेपालीमा प्रेरणा र उत्साह आउनेछ भन्ने आशा गरिएको छ ।

२०८. कर प्रशासनमा पारदर्शिता ल्याउन कर परीक्षण प्रक्रियामा सुधार गरिनेछ । राजस्व जोखिमका परिसूचकहरुको आधारमा मात्र कर परीक्षणको लागि छनौट गरिनेछ । कर परीक्षण कार्यलाई सरल, पारदर्शी, छिटो छरितो र प्रभावकारी बनाउन एवं करदातालाई अनावश्यक झन्झट र ढिला सुस्ती नहोस् भन्ने अभिप्रायले कर परीक्षणको लागि छनौटमा परेपछि करदातालाई जानकारी गराई यस्तो जानकारी दिएको मितिले ३ महिनाभित्र कर परीक्षण कार्य सम्पन्न गरिसक्नुपर्ने व्यवस्था मिलाइएको छ । साथै कर परीक्षण दिग्दर्शन (Manual) तयार गरी कर परीक्षणलाई पारदर्शी बनाइनेछ ।

२०९. कर छल्ने कार्यलाई दुरुत्साहन गर्न निश्चित परिसूचकका आधारमा त्यस्ता करदातालाई निगरानी सूचीमा राखिनेछ । निगरानी सूचीभित्र परेका करदाताहरुको अनुसन्धानात्मक कर परीक्षण, आकस्मिक खानतलासी, सम्पत्ति छानवीन, न्यून बिजकीकरण गरि बिक्री गरेको वस्तुको खरिद गर्ने/गराउने जस्ता कार्यहरु गर्न आन्तरिक राजस्व विभागमा राजस्व सुदृढीकरण कार्यक्रम अन्तर्गत विशेष कार्यदल (Enforcement Task Force) खडा गरिनेछ ।

२१०. करदाताले कर निर्धारण उपर चित्त नबुझाई पुनरावलोकनको लागि विभागमा निवेदन गरेमा, विभागले ९० दिनभित्र तल्लो तहले गरेको निर्णय उपर अनिवार्य रुपमा पुनरावलोकन गरी कर निर्धारण गर्ने व्यवस्था गरिएको छ ।

२११. आयकर निर्धारण प्रयोजनको लागि आय कायम गर्दा मर्मत सुधार खर्च बापत यस्तो मर्मत गरिएको सम्पत्तिसंग सम्बन्धित समूहको ह्रास पछिको मूल्यको ५ प्रतिशत भन्दा बढी खर्च लेख्न नपाइनेमा सो खर्चको सीमालाई बढाई ७ प्रतिशतसम्म खर्च लेख्न पाइने व्यवस्था गरिएको छ ।

२१२. अब म अप्रत्यक्ष करहरु सम्बन्धी व्यवस्थाहरु बारे जानकारी गराउन चाहन्छु ।

२१३. मूल्य अभिवृद्धि कर फिर्ता प्रक्रियालाई सरल, द्रुत तथा पारदर्शी बनाउन करदाताले कर फिर्ताको लागि कर विवरणमा उल्लेख गरी कार्यालयमा बुझाएको मितिले १० दिनभित्र कार्यालयले फिर्ता दिने वा नदिने निर्णय गरिसक्नु पर्नेछ । कार्यालयले फिर्ता गर्ने निर्णय गरेमा १५ दिनभित्र तथा विभागले फिर्ता दिने भएमा ३० दिनभित्र करदातालाई त्यस्तो रकम भुक्तानी दिइसक्नुपर्ने व्यवस्था मिलाइएको छ । तोकिएको समयावधि भित्र कर फिर्ता नगरिएको अवस्थामा, सोको कारण तथा जिम्मेवार अधिकृतको लगत बनाई अनुगमन गरिनेछ ।

२१४. आगजनी, चोरी, टुटफुट भई नोक्सानी भएको वस्तुमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न पाउने व्यवस्था कानुनबाटै व्यवस्थित गरिएको छ ।

२१५. मूल्य अभिवृद्धि कर छुट हुने वस्तु तथा सेवाको सूचीलाई क्रमशः घटाउने नीति अनुरुप यस पटक अप्रशोधित तोरीको तेललाई सो सूचीबाट हटाइएको छ ।

२१६. कर अधिकृतको कार्यप्रणाली पारदर्शी बनाउन नियमित वा आकस्मिक निरीक्षण, परीक्षण वा अनुसन्धान कार्यको लागि खटिई जाने अधिकृतले पालना गर्नुपर्ने आचारसंहिता तयार गरिनेछ । कर परीक्षण वा अनुसन्धान कार्यको सिलसिलामा कुनै पनि कागजात एवं अभिलेख आफ्नो नियन्त्रणमा लिनु परेमा कर्मचारीले सोको भर्पाई वा निस्सा अनिवार्य रुपमा दिनुपर्ने व्यवस्था मिलाइएको छ । आचार संहिता उल्लंघन गर्ने कर्मचारीहरु उपर विभागीय कारवाही गरिनेछ ।

२१७. मदिरा उद्योगहरुले कच्चापदार्थमा तिरेको अन्तःशुल्क तैयारी वस्तुमा लाग्ने अन्तःशुल्कमा कट्टी गर्न पाउने व्यवस्था पुनः लागू गरिएको छ ।

२१८. मदिरा तथा चुरोट जस्ता स्वास्थ्यका लागि हानिकारक वस्तुहरुमा लाग्दै आएको अन्तःशुल्कको दरमा सामान्य वृद्धि गरिएको छ ।

२१९. काठमाडौं लगायत विभिन्न शहरहरुमा बढिरहेको प्रदूषण जटिल समस्याको रुपमा देखा परेको छ । प्रदूषणमा पुरानो खालको ईंटा पोल्ने प्रविधि पनि एउटा कारण रहेको छ । ईंटा पोल्ने नयाँ प्रविधि अवलम्वन गर्न सके प्रदूषण निक्कै घट्ने प्रमाणित भइसकेको छ । अतः आधुनिक प्रविधि अपनाई तोकिएको वातावरणीय मापदण्ड पूरा गर्ने उद्योगहरुलाई प्रोत्साहन गर्न तिनीहरुले तिर्नुपर्ने अन्तःशुल्क इजाजत दस्तुर नलाग्ने व्यवस्था गरिएको छ । तोकिएका वातावरणीय मापदण्ड पुरा नगर्ने वातावरणलाई

प्रदूषित गर्ने ईंटा भट्टाहरुको इजाजत दस्तुर रु. १ लाख लागी रहेकोमा सोमा वृद्धि गरी रु. २ लाख पुऱ्याइएको छ ।

२२०. सवारी साधनहरुमा १३० र ८० प्रतिशतले भन्सार पैठारी महसूल लागिरहेकोमा यसलाई घटाई क्रमश: ८० र ४० प्रतिशतमा ल्याइएको छ । यस प्रकार अब भंसारको पैठारी महसूलतर्फको अधिकतम दरवन्दी ८० प्रतिशत मात्र कायम भएकोछ । यसबाट राजस्वमा हुने कमीको पूर्ति गर्न ३२ प्रतिशतले अन्तःशुल्क लगाइएको छ । पैठारीमा मोल प्रतिशतका आधारमा अन्तःशुल्क लगाउंदा भन्सार प्रयोजनको लागि कायम गरिएको मूल्यमा भन्सार महसूल जोडी हुने रकममा अन्तःशुल्क लाग्ने व्यवस्था गरिएको छ ।

२२१. निकासीमा लागेको निकासी सेवा शुल्क खारेज गरिएको छ । निकासीमा लागेको भन्सार महसूलको दरमा केही कटौती गरिएको छ ।

२२२. नेपाली उद्योगहरुलाई संरक्षण तयारी मालसामानको तुलनामा कच्चा पदार्थमा लाग्ने पैठारी महशुलमा न्यूनता, कृषि क्षेत्रको संरक्षण, समान प्रकृतिका मालवस्तुहरुको दरबन्दीमा एकरुपता एवं प्रशासनिक सरलता समेतको दृष्टिले केही मालवस्तुको पैठारी महसूलमा केही वृद्धि गरिएको छ ।

२२३. सूचना प्रविधिलाई प्रोत्साहित गर्न कम्प्यूटर र कम्प्यूटर सम्बन्धी उपकरणमा पैठारी महसूल घटाइएको छ ।

२२४. आयातकर्ताहरुले भन्सारमा सामान आइपुग्नुअगावै घोषणा गरी महसूल वुझाउन सक्ने र यस्ता सामानहरुलाई प्राथमिकतासाथ जाँचपास गर्ने व्यवस्था मिलाइएको छ ।

२२५. विदेशी औषधी उत्पादक कम्पनीहरुले नेपालमा आफ्नो उत्पादन विक्री गर्दा औषधीको गुणस्तर बारे एकिन नगराउने तथा दर्ता शुल्क समेत अति न्यून लाग्ने व्यवस्थाले गर्दा गुणस्तरहीन औषधी समेत विक्री हुने गरेको देखिन्छ । यसबाट स्वदेशी औषधि उद्योगलाई समेत असर पारेको देखिंदा सो तथ्यलाई दृष्टिगत गरी कुनै विदेशी कम्पनीले नेपालमा बिक्रेताको रुपमा कम्पनी दर्ता गर्दा, औषधी दर्ता गर्दा एवं औषधि उत्पादनको प्रकिया निरीक्षण गराउंदा लाग्ने दस्तुरहरुमा वृद्धि गरिनेछ । विदेशी औषधि उद्योगले नेपालमा आफ्नो औषधि बिक्रीका लागि दर्ता गर्नुअघि उत्पादन प्रक्रियाको निरीक्षण गराउनु पर्ने व्यवस्था मिलाइएकोछ ।

२२६. राजस्वको वर्तमान स्रोतबाट प्राप्त हुने रकम बाहेक कर र गैर-कर राजस्वका दरहरुमा गरिएको परिवर्तन तथा प्रशासनिक सुधारबाट रु. ४ अर्ब ९९ करोड ८९ लाख थप राजस्व परिचालन हुन गई रु. ११ अर्ब ८४ करोड खूद न्यून हुनेछ ।

२२७. माथि पेश गरिएको व्यय विवरणमा न्यून हुन जाने रु. ११ अर्ब ८४ करोड आन्तरिक ऋण परिचालन गरी उठाउने व्यवस्था मिलाइएको छ ।

२२८. आर्थिक वर्ष २०६०/६१ को बजेट तर्जुमा गर्दा कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशत भन्दा बढी वित्तीय घाटा हुन नदिने व्यवस्था मिलाइएको छ । त्यसैगरी, खूद आन्तरिक ऋणलाई कुल गार्हस्थ्य उत्पादनको २ प्रतिशत भन्दा कम राखिनेछ । दशौं योजनाको अन्त्यमा खूद आन्तरिक ऋण परिचालनलाई कुल गार्हस्थ्य उत्पादनको १ प्रतिशतमा सीमित गरिनेछ ।

२२९. माथि प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट शान्ति र स्थायित्व कायम हुने, आर्थिक कियाकलाप बढ्न गई निजी क्षेत्रको लगानीमा वृद्धि हुने, रोजगारीका थप अवसरहरु सिर्जना हुने र गरिबी निवारणमा मद्दत पुग्ने विश्वास लिएको छु । आर्थिक सुधारको कार्यक्रमलाई निरन्तरता दिन श्री ५ को सरकार प्रतिबद्ध छ । यी सुधार कार्यक्रमको निरन्तर कार्यान्वयनले लगानीका लागि उपयुक्त वातावरण सिर्जना गर्नका अतिरिक्त आर्थिक वृद्धि हुने तथा लगानी प्रवर्द्धन हुने कुरामा म विश्वस्त छु । आर्थिक वर्ष २०६०/६१ मा निर्यातमा वृद्धि हुनुका अतिरिक्त यस बजेट मार्फत घोषित नीति तथा कार्यक्रम र तिनको कार्यान्वयनबाट ग्रामीण क्षेत्रको विकास हुने आशा गरेको छु ।

२३०. आर्थिक वर्ष २०६०/६१ मा कृषि क्षेत्रमा ३ प्रतिशत र गैर कृषि क्षेत्रमा ५.८ प्रतिशतले वृद्धि भई समग्र आर्थिक वृद्धिदर ४.५ प्रतिशत हुने अनुमान गरिएको छ । गरिबी निवारणमा प्रभावकारी रुपमा सफलता पाउन यो आर्थिक बृद्धिदर कमसेकम ६ प्रतिशत पुऱ्याउनु पर्दछ । तर वर्तमान परिप्रेक्ष्यमा वित्तीय सन्तुलनको आवश्यकताको साथै विभिन्न अन्य कारणहरुले गर्दा ४.३ देखि ४.५ प्रतिशतको वृद्धिदर यथार्थवादी हुने देखेको छु । त्यसैगरी मुद्रास्फीति ४ देखि ५ प्रतिशतसम्म हुन सक्ने, संकुचित मुद्रा प्रदाय ९.५ प्रतिशत र विस्तृत मुद्रा प्रदाय ११.१ प्रतिशत रहने अनुमान छ । राजस्व सम्बन्धी नीतिगत तथा प्रशासनिक सुधारको कार्यान्वयनबाट राजस्व परिचालन वढ्न गई कुल गार्हस्थ्य उत्पादन र राजस्वको अनुपात १३.४ प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

२३१. आर्थिक वर्ष २०५८/५९ को यथार्थ आय व्यय, आर्थिक वर्ष २०५९/६० को संशोधित आय व्ययको अनुमान, आर्थिक वर्ष २०६०/६१ को अनुमानित आय-व्ययको विवरण र आर्थिक वर्ष २०५९/६० को आर्थिक स्थितिको संक्षिप्त समीक्षा अनुसूचीहरुमा प्रस्तुत गरेको छु ।

२३२. मित्रराष्ट्र तथा दातृ समुदायहरुबाट श्री ५ को सरकारलाई प्राप्त हुने प्राविधिक सहायता तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरु सम्बन्धी संक्षिप्त विवरण छुट्टै प्रस्तुत गरिएको छ ।

२३३. प्रस्तुत आय-व्यय विवरणको निर्माणमा सहयोग पुऱ्याउनुहुने प्रतिनिधि सभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभाका माननीय सांसदहरु, उद्योग, वाणिज्य, पर्यटन क्षेत्र लगायतका संघ-संस्था एवं महानुभावहरु, विद्वत्वर्ग, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक र नागरिक समाजका प्रतिनिधिहरु सबैप्रति यस अवसरमा धन्यवाद व्यक्त गर्दछु ।

२३४. सुधारोन्मुख आर्थिक नीतिका अतिरिक्त विगतमा शुरु गरिएका आर्थिक सुधार सम्बन्धी नीति तथा कार्यक्रमलाई निरन्तरता दिनु तथा गरिबी निवारणलाई लक्ष्यित गर्दै राष्ट्रिय अर्थतन्त्रमा प्रतिस्पर्धा, कार्यकुशलता, उत्कृष्टता र वितरणमा न्यायको अवधारणालाई प्रोत्साहन दिनुको साथै यी नीतिहरुको कार्यान्वयनलाई अरु सशक्त वनाउनु नै यस बजेटको उद्देश्य रहेको कुरा मैले आय-व्यय विवरण प्रस्तुतिको आरम्भमै उल्लेख गरिसकेको छु । यस परिप्रेक्ष्यमा, अत्यन्त असहज परिस्थितिमा पनि आर्थिक सुधारको कार्यान्वयनमा अग्रसरता देखाई अर्थतन्त्रलाई गति दिन प्रयास गर्ने तत्कालीन अर्थमन्त्रीहरुलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु ।

२३५. आर्थिक वर्ष २०६०/६१ को लागि अनुमानित विकास खर्चको झण्डै ७० प्रतिशत वैदेशिक सहायता अन्तर्गतको अनुदान तथा ऋण सहायताबाट व्यहोर्ने प्रस्ताव गरिएको छ । वास्तवमा द्विपक्षीय तथा वहुपक्षीय दातृ संस्थाहरुको वित्तीय तथा प्राविधिक सहयोगको अभावमा बजेट तयार गर्ने कार्य अत्यन्त कठिन थियो । त्यसैले नेपालको सामाजिक-आर्थिक विकासमा निरन्तर सहयोग उपलब्ध गराउँदै आएका दातृ राष्ट्र तथा संस्थाहरुप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु । साथै, आर्थिक वर्ष २०६०/६१ मा वैदेशिक सहायता अन्तर्गत कार्यान्वयन गर्न प्रस्तावित आयोजनाहरुको कार्यान्वयनमा स्रोतको अभाव हुन नदिने गरी दातृ संस्थाहरुबाट सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

२३६. अन्तमा, जनता र सरकारबीचको नयाँ साझेदारी र हातेमालोको आधारमा नेपालको आर्थिक एवं सामाजिक रूपान्तरण तथा अग्रगमन तर्फ उन्मुख यो बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !